का.जि.प्र.का.द.नं. १००/०५९/६०
२३ पुस २०८२
बुधबार
7 January 2026
Wednesay
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

डिपर हेर्नु



## प्रत्यक्षतर्फ प्राथमिकतामा छैनन् महिला





**डिला संगौला पन्त**
**नेता, नेपाली कांग्रेस**

प्रत्यक्ष चुनाव लड्न पुरुष नेताहरूकै हावी छ। चुनाव जित्ने महिला भए पनि टिकट दिनेबेलामा हार्ने पुरुष भए पनि उसैलाई दिइने गरिएको छ।



**कृष्णकुमारी पौडेल**
**निमित्त प्रमुख आयुक्त**
**राष्ट्रिय महिला आयोग**

निर्वाचन आयोगले समानुपातिकमा ५० प्रतिशत महिला अनिवार्य गर्नु नै गलत हो। यसले प्रत्यक्षमा राजनीतिक सुझबुझ भएका महिलालाई बाहिर राखेर पुरुष नेताहरूले डोऱ्याउने महिलालाई अवसर दिने अभ्यास छ।

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २२ पुस

प्रतिनिधि सभाको उम्मेदवारका लागि नेकपा (एमाले)की केन्द्रीय सदस्य मञ्जु शर्मा आगामी बागलुङ क्षेत्र नम्बर २ बाट एकल सिफारिस भएकी छन्। अध्यक्ष केपी शर्मा ओलीसहित तीन दर्जन निर्वाचन क्षेत्रका लागि पुरुष आकांक्षी एकल सिफारिस हुँदा शर्मा एक्लो महिला उम्मेदवार बनेकी हुन्। »» पृष्ठ २ मा

### २०७९ मा नौ महिला मात्र प्रत्यक्ष निर्वाचित

प्रत्यक्षतर्फ नेपाली कांग्रेसले ९१ जना उम्मेदवार उठाएकोमा पाँच ठाउँमा मात्रै महिला उम्मेदवार अघि सारेको थियो। तेह्रथुममा सीता गुरुङ, मोरङ-२ मा सुजाता कोइराला, सिराहा-२ बाट चित्रलेखा यादव, मकवानपुर-१ बाट महालक्ष्मी उपाध्याय डिना र अर्घाखाँचीबाट पुष्पा भुसाल प्रत्यक्षमा टिकट दिएको थियो। तर तेह्रथुमबाट सीता गुरुङले »» पृष्ठ २ मा

### पदाधिकारीमा नगण्य

महिलाको प्रतिनिधित्व राजनीतिक दलका पदाधिकारी र केन्द्रीय समितिमै न्यून रहेका छन्। पुराना राजनीतिक दल नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी, राप्रपा र मधेशवादी दल मात्र होइन नयाँ भनिएको रास्वपाले »» पृष्ठ २ मा

## असुरक्षित बैंकिङ क्षेत्र

### कर्जा उठाउन जानै नसक्ने भए कर्मचारी





**छवि सापकोटा/मध्यान्ह**
काठमाडौं, २२ पुस

एक महिनाअघि सप्तरीको ज्योति विकास बैंक रुपनीका कर्मचारीमाथि ऋणीले दुर्व्यवहार गरे। पटकपटक तोकता गर्दा ऋण नतिरेपछि छलफलका लागि गएका कर्मचारीमाथि नै कालोमोसो र जुत्ताको माला लगाएर आक्रमण गरिएको थियो।

सप्तकोशी इन्टिग्रेटेड एग्रो फर्म प्रालिका सञ्चालक प्रभुनारायण चौधरीको कर्जाको किस्ता नियमित नभएपछि बैंकका कर्मचारीले ताकेका गरिरहेको थिए। तर ऋण तिर्न छोडेर बैंकका कर्मचारीलाई छलफलमा बोलाएर हातपात गरिएको थियो। एग्रो फर्मका सञ्चालक चौधरी तथा जनप्रतिनिधि, लघुवित्त पीडित संघर्ष समितिका जिल्ला अध्यक्षलगायतको टोलीले कर्मचारीमाथि नै आक्रमण गरेको थियो।

यस्तै, २० पुसमा दाङको घोराहीमा नेपाल इन्भेस्टमेन्ट मेगा बैंकका कर्मचारीमाथि कुटपिट गरियो। बक्यौता ब्याज तिर्न ताकेता गर्न बैंकको घोराही शाखाका कर्मचारी नविन थापा र मनीष सेडाई गएका थिए। ५० लाख रुपैयाँ ऋणको ब्याज नियमित नभएपछि बक्यौता



ब्याज असुलीका लागि गएका बैंकका कर्मचारीलाई ऋणीले आक्रमण गरेका थिए।

२१ पुसमा इटहरीमा लालबहादुर पौडेल बैंकभित्रै पेट्रोल लिएर पुगे। उनले बैंकका शाखा मेनेजरकै कार्यकक्षमा पेट्रोल छर्केका थिए। बैंकमै आत्महत्याको प्रयास गरेको भने पनि उनको उद्देश्य बैंकमा पेट्रोल छर्किएर आगो लगाउने देखिएको प्रहरीको प्रारम्भिक अनुसन्धानले देखाएको छ। घटनाको थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

पछिल्लो समय बैंकका कर्मचारीमाथि आक्रमणका घटना बढ्दै »» पृष्ठ २ मा

## राजीनामाको दबाबमा तीन मन्त्री





**नरेश राना/मध्यान्ह**
काठमाडौं, २२ पुस

प्रधानमन्त्री सुशीला कार्कीले सरकार वा दलमध्ये एक रोज्न भनेपछि तीन मन्त्रीहरू राजीनामा दिनुपर्ने दबाबमा परेका छन्।

ऊर्जामन्त्री कुलमान घिसिङ, सूचना तथा सञ्चारमन्त्री जगदीश खरेल र युवा तथा खेलकुदमन्त्री बब्लु गुप्तालाई संकेत गर्दै प्रधानमन्त्री कार्कीले सरकार छाड्न भनेकी हुन्। सोमबारको मन्त्रिपरिषद् बैठक सुरु हुनासाथ कार्कीले भनेकी थिइन्, 'यो गैरदलीय नागरिक सरकार हो। मन्त्रीहरू विभिन्न दलमा आबद्ध भएको छ्यापछ्याप्ती आइरहेको छ। चुनाव लड्ने हो भने तपाईंहरूले सरकार छाड्नुपर्छ।'

प्रधानमन्त्रीको संकेत बुझेपछि ऊर्जामन्त्री घिसिङ बोलेका थिए। उनले प्रधानमन्त्रीलाई अप्ठेरो पर्ने हो भने आफू छाड्न तयार रहेको बताए। खरेल र गुप्ताले खासै केही बोलेनन्।

सुरुमा उज्यालो नेपाल पार्टी गठन गरेर संगठन विस्तारमा हिडेर घिसिङ राजनीतिमा प्रवेश गरेका थिए। पछि रास्वपामा समाहित भई पार्टी उपसभापति बन्ने सहमति गरे। रास्वपा सभापति रवि लामिछाने, काठमाडौं महानगर मेयर बालेन शाह र घिसिङबीच सहमति हुँदा मन्त्री गुप्ता »» पृष्ठ २ मा

## राष्ट्रिय सभा निर्वाचन : आज मनोनयन

# १८ सिटमा चार दलले लगाए चारै भाग

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २२ पुस

राष्ट्रिय सभा सदस्य निर्वाचनअन्तर्गत आज बुधबार उम्मेदवारले मनोनयन दर्ता गर्दै छन्। सातै प्रदेशमा निर्वाचन अधिकृतको कार्यालय रहेका छन्। जहाँ उपस्थित भएर उम्मेदवारले मनोनयन दर्ता गर्न सक्नेछन्।

निर्वाचन आयोगका अनुसार बिहान १० देखि दिउँसो ३ बजेसम्म उम्मेदवारको मनोनयनपत्र दर्ता हुनेछ। भोलि बिहीबार बिहान १० देखि दिउँसो ४ बजेसम्म उम्मेदवारको विरोधमा उजुरी दिने समय छ। पुस २७ गते बिहान १० देखि दिउँसो १ बजेसम्म उम्मेदवारले नाम फिर्ता लिन चाहेको खण्डमा समय पाउनेछन्। सोही दिन दिउँसो १ देखि २ बजेसम्म उम्मेदवारको अन्तिम नामावली प्रकाशन हुनेछ।

पुस २८ गते बिहान १० देखि दिउँसो १ बजेसम्म सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयबाट उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिनेछ। आगामी माघ ११ गते बिहान ९ देखि दिउँसो ३ बजेसम्म सम्बन्धित मतदान केन्द्रमा मतदान हुनेछ।

५९ सदस्यीय राष्ट्रिय सभामा प्रत्येक दुई/दुई वर्षमा एक तिहाइ सदस्यका लागि निर्वाचन हुन्छ। १९ जना सदस्यको कार्यकाल आगामी फागुन २० मा सकिँदै छ। त्यसमध्ये एक जना वामदेव गौतम मनोनीत सांसद हुन्। उनको ठाउँमा सरकारको सिफारिसमा राष्ट्रपतिले नै

> प्रदेश सभा सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख राष्ट्रिय सभा सदस्यको निर्वाचनमा मतदाता हुन्छन्। सातवटै प्रदेशमा ५ सय ५० प्रदेश सभा सदस्य छन्। ७ सय ५३ स्थानीय तहका प्रमुख र उपप्रमुख गरी १ हजार ५ सय ६ मतदाता छन्।

अर्को व्यक्ति मनोनीत गर्नेछन्। बाँकी १८ पदका लागि निर्वाचन हुन लागेको हो। यही १८ पदका लागि आज मनोनयन दर्ताको समय छ।

कोशी प्रदेशबाट तीन जना, मधेश प्रदेशबाट चार जना, बागमती र गण्डकी प्रदेशबाट दुई/दुई जना, लुम्बिनी प्रदेशबाट तीन जना, कर्णाली र सुदूरपश्चिम प्रदेशबाट दुई/दुई जना राष्ट्रिय सभा सदस्यका लागि निर्वाचन हुँदै छ।

राष्ट्रिय सभा सदस्यको निर्वाचनमा प्रदेश सभा सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख मतदाता हुन्छन्। सातवटै प्रदेशमा ५ सय ५० प्रदेश सभा सदस्य छन्। ७ सय ५३ स्थानीय तहका प्रमुख र उपप्रमुख गरी १ हजार ५ सय ६ मतदाता रहन्छन्।

राष्ट्रिय सभा निर्वाचनमा प्रमुख दलहरूले तालमेल गर्दै छन्। नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी र जनता समाजवादी पार्टी (जसपा) नेपालले तालमेल गर्न लागेका हुन्। मतभारका दृष्टिमा यी दल नै प्रमुख दल हुन्। मतभारका आधारमा १८ सिटमा भागबन्डा गरेर प्रमुख दलहरूले उम्मेदवार उठाउन लागेका हुन्।

नेताहरूका अनुसार १८ सिटमा चार दलले चार भाग लगाएर उम्मेदवार उठाउने तयारी छ। ताकि सबैतिर सर्वसम्मतझैं हुन सकोस्। जसअन्तर्गत कांग्रेसले सात, एमालेले »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## अभिमुखीकरण हाजिरीमा विभागको कडाइ

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ पुस

वैदेशिक रोजगार विभागले आगामी सातादेखि विभागमा दर्ता गरिएको कम्प्युटर तथा नेटवर्कबाट मात्र वैदेशिक रोजगारमा जाने कामदारको हाजिरी पठाउन मिल्ने व्यवस्था कार्यान्वयन गर्ने भएको छ।

विभागको संस्था अनुगमन शाखाले अभिमुखीकरण तालिम प्रदायक संस्थाहरूलाई पत्र पठाउँदै पुस २९ गतेदेखि विभागमा दर्ता गरिएको कम्प्युटर तथा नेटवर्कबाट मात्रै वैदेशिक रोजगारमा जाने कामदारको हाजिरी पठाउन मिल्ने गरिएको बताएको छ।

हाल अभिमुखीकरण तालिम प्रदायक संस्थाहरूले अभिमुखीकरण तालिमसम्बन्धी कामदारको हाजिरी पठाउन विभागबाट निर्माण गरिएको ओरियन्टेसन डेस्कटप एप्लिकेसन प्रयोग गरिरहेका छन् भने कामदारको राष्ट्रिय परिचयपत्र प्रणालीसँगको भेरिफिकेसनका आधारमा हाजिरी हुने व्यवस्था कार्यान्वयनमा छ।

तर वैदेशिक रोजगारमा जाने सबै कामदार अभिमुखीकरण तालिममा सहभागी नभएको टिकाटिप्पणी भइरहेको छ। अभिमुखीकरण तालिमलाई थप व्यवस्थित र प्रभावकारी बनाउन अभिमुखीकरण »» पृष्ठ २ मा

### डलरको मूल्य बढ्दा नेपाली कामदारलाई लाभ

**काठमाडौं/मस-** अमेरिकी डलरको मूल्य वृद्धि भएपछि वैदेशिक रोजगारमा रहेका नेपाली कामदारलाई तुलनात्मक रूपमा लाभ मिलेको छ। नेपाल राष्ट्र बैंकले मंगलबारका लागि एक अमेरिकी डलरको खरिददर १४४ रुपैयाँ १५ पैसा र बिक्रीदर १४४ रुपैयाँ ७५ पैसा तोकिएको छ।

अमेरिकी डलरको मूल्य उकालो लागेर हालसम्मकै उच्च बिन्दुमा पुगेको हो। गत वर्ष यही सिजनमा अमेरिकी डलर एकको खरिददर १३८ रुपैयाँ २८ पैसा र बिक्रीदर १३८ रुपैयाँ ८८ पैसा थियो।

नेपाली अर्थतन्त्रको मुख्य आधारका रूपमा रहेको रेमिट्यान्स आम्दानीमा »» पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

२३ पुस २०८२ बुधबार
7 January 2026 Wednesday

**प्रत्यक्षतर्फ ...**

एकल नाम सिफारिस गरिए पनि उनको टिकट पक्का भइसकेको होइन ।

नेपाली कांग्रेस कैलालीले क्षेत्र नम्बर ५ बाट पूर्वपरराष्ट्रमन्त्री डा. आरजु राणालाई पहिलो नम्बरमा राखेर सिफरिस गरेको छ । उनको प्रतिस्पर्धामा अरू चार पुरुष आकांक्षी पनि छन् । राणा पार्टी सभापति शेरबहादुर देउवाकी पत्नी हुन् ।

थुप्रै नेताहरू उम्मेदवारको प्रबल सम्भावनासहित सिफारिस हुँदा प्राथमिकताका साथ अघि सारिएका महिलाको संख्या भने न्यून छ । कांग्रेस र एमालेमा मात्र होइन्, नेपाली कम्युनिस्ट पार्टी, रास्वपा, राप्रपासहित मधेशकेन्द्रित दलहरूले समेत महिला उम्मेदवारलाई टिकटको प्राथमिकतामा राखेको देखिँदैन । यसले २१ फागुनको चुनावमा पनि प्रत्यक्षतर्फ महिलाको संख्या कम रहने संकेत गरेको छ ।

प्रतिनिधि सभाको निर्वाचन आउन ५८ दिन बाँकी छ । दलहरू चुनावी तयारीमा छन् । चुनावको सम्भावना नदेखेको एमालेसमेत उपाध्यक्ष रामबहादुर थापा बादललाई चुनावी कमान्डर तोकेर मैदानमा उत्रिने तयारी गरिसकेको छ । यस्तोमा सिफारिस भएका आकांक्षी हेर्दा महिला उम्मेदवार प्राथमिकतामा नदेखिएका हुन् । दलहरूले प्रत्यक्षतर्फको टिकट सिफारिसमा हरेक निर्वाचन क्षेत्रबाट एक महिलासहित तीन जनाको नाम पठाउन परिपत्र गरेका छन् । अधिकांश महिलाको नाम सोही औपचारिकता पूरा गर्न मात्र सिफारिसमा परेकोजस्तो देखिन्छ । एकाधबाहेक सिफारिसमा परेका महिलाको नाम अन्तिममा मात्र समेटिनुले त्यसै भन्छ । केही क्षेत्रबाट महिला सिफारिस शून्य बनाएर पठाइएको पनि पाइएको छ । कांग्रेस नेता डा. डिला संग्रौला महिला जतिसुकै सक्षम भए पनि सिफारिसको प्राथमिकतामा नपार्ने परम्परा नै बनेको बताउँछिन् । 'महिलाललाई टिकट नै दिँदैनन्,' उनले मध्यान्हसँग भनिन्, 'प्रत्यक्ष चुनाव लड्न पुरुष नेताहरू नै अघि सर्छन् । चुनाव जित्न सक्ने महिला भए पनि टिकट दिनेबेलामा पुरुष खोजिन्छ । चाहे उसले चुनाव किन नहारोस् ।'

समानुपातिक समावेशी प्रणालीले ३३ प्रतिशत महिला पुऱ्याउनेबाहेक महिलालाई कुनै पनि दलले प्राथमिकतामा नराखेको सग्रौलाको दाबी छ । 'म पहिलेदेखि नै प्रत्यक्ष निर्वाचनमा भिड्छु भन्ने आँटसहित क्षेत्रबाट सिफरिस हुन्छु । तर केन्द्रमा नेताहरूले रोक्ने र पुरुषलाई नै पठाउने गरेका छन् ।' महिलाहरू पार्टी र समाजप्रति इमानदार बफादार, सुशासनमा प्रतिबद्ध भए पनि अझै दलहरूले महिलालाई अस्वीकार गरेको उनको टिप्पणी छ । यसले समावेशिताकै अपमान गरेको नेता संग्रौलाले बताइन् ।

निर्वाचन आयोगले नै समानुपातिकमा महिलाको प्रतिनिधित्व ५० प्रतिशत अनिवार्य व्यवस्था गरेकाले दलहरूले महिलालाई समानुपातिकमा पठाएर प्रत्यक्षमा रोक्ने गरेका छन् । यसले महिला नेताहरूको सशक्तीकरणमा ह्रास आएको र समाजमा महिला नेताहरू स्थापित हनु नसकेको राष्ट्रिय महिला आयोगको भनाइ छ । महिला आयोगकी निमित्त प्रमुख आयुक्त कृष्णकुमारी पौडेल जनसंख्याको हिसाबले ५१ प्रतिशत भए पनि सबै दलमा टिकट पाउनेबेलामा ५/१० प्रतिशतले समेत नपर्ने गरेको बताउँछिन् । 'निर्वाचन आयोगले नै समानुपातिकमा ५० प्रतिशत महिला बन्दसूचीमा समावेश गर्नु भन्नु नै गलत हो,' पौडेलले मध्यान्हसँग भनिन्, 'राजनीतिक सुझबुझ भएका महिलालाई बाहिर राखेर पुरुष नेताहरूले डोऱ्याएर हिँडेका महिलालाई अवसर दिने अभ्यास छ । कतिपय नेताहरूले अन्तरजातीय विवाह गर्ने र श्रीमतीलाई समानुपातिकमा राख्ने गरिएको छ ।' यसले महिलाको संवैधानिक तथा कानुनी अधिकार कार्यान्वयनमा समस्या देखिएको पौडेल बताउँछिन् । महिलाहरू समेत विभाजित भएर आफ्ना आवाज नउठाउन नसक्ने र नेताका आज्ञाकारी हुँदा प्रत्यक्ष निर्वाचनमा टिकट नपाउने गरेको उनको विश्लेषण छ ।

निर्वाचन प्रणाली अत्यन्तै महँगो हुँदा पनि प्रत्यक्ष निर्वाचन प्रणालीमा महिलाको संख्या बढ्न नसकेको महिला नेताहरूले स्वीकार गरेका छन् । नेकपा एमालेकी नेता उषाकिरण तिम्सिना पुरुषवादी सोच र चिन्तनबाट पार्टीका शीर्ष नेताहरू माथि उठ्न नसकेको बताउँछिन् । उनी भन्छिन्, 'हाम्रो राजनीतिक संस्कार नै अझै पुरुषवादी चिन्तनबाट टाढा छैन । पार्टीका उपल्लो तहका सबै नेताहरू पुरुष छन् । उनीहरू आफ्नै लागि निर्णय गर्छन् ।' आर्थिक हिसाबले पनि महिला नेताहरू अलि कमजोर जस्तो देखिएकाले टिकट लेनदेनमै कुरा नमिल्ने गरेको कतिपय नेताहरूको अनुभव छ ।

राजनीतिमा महिलालाई अघि बढ्न दलका पुरुष नेताहरूबाटै रोक्ने काम भएको महिला अधिकारकर्मी बताउँछन् । राजनीतिक दललाई मात्रै नभई आमनागरिकस्तरको बुझाइमा समेत पुरुषले मात्रै नेता हुनु र हुनुपर्छ भन्ने मानसिकताले काम गरेको महिला अधिकारकर्मी विनु लामाको टिप्पणी छ । 'समाजमा महिलालाई अझै पनि नेता मान्ने र चुनावमा मतदान गर्न गाह्रो मान्ने गरिएको छ । यसले पुरुष उम्मेदवारसँग महिला नेताहरूले प्रतिस्पर्धा गर्न र गराउनसमेत दलहरू हिचकिचाउने गर्छन्,' उनले भनिन् । नेपालको संविधानले व्यवस्था गरेको समावेशिताको सिद्धान्तलाई व्यावहारिक कार्यान्वयन गर्न राजनीतिक दल नै असफल देखिएका छन् ।

२०७९ को प्रतिनिधि सभा निर्वाचनबाट संसदमा १ सय ८४ जना पुरुष र ९१ जना महिलाको प्रतिनिधित्व रहेको थियो । जसमा प्रत्यक्ष निर्वाचित नौ जना र समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित ८३ जना छन् । निर्वाचन आयोगको तथ्यांकअनुसार २ सय ७५ सदस्य प्रतिनिधि सभामा पुरुष १ सय ८४ जना (६६ दशमलव ९० प्रतिशत) र महिला ९१ जना (३३ दशमलव १० प्रतिशत) निर्वाचित भएका थिए । त्यसबेला पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ६१ वटा राजनीतिक दल र समानुपातिक निर्वाचन प्रणालीतर्फ ४७ वटा राजनीतिक दल निर्वाचनमा सहभागी थिए । सो निर्वाचनमा प्रत्यक्ष निर्वाचनतर्फ महिला २ सय २५ र पुरुष २ हजार १ सय ८६ गरी २ हजार ४ सय ११ जनाको उम्मेदवारी परेको थियो । समानुपातिक निर्वाचन प्रणालीतर्फ महिला १ हजार १ सय ८७ र पुरुष १ हजार १२ गरी २ हजार १ सय ९९ जना उम्मेदवारको अन्तिम बन्दसूची कायम गरिएको थियो । तर प्रत्यक्षतर्फका उम्मेदवार र निर्वाचित संख्या अत्यन्तै कम आए ।

**गत...**

मात्रै निर्वाचित भएकी थिइन् ।

त्यस्तै, एमालेले ११ महिला नेतृलाई प्रत्यक्ष उम्मेदवार बनाएको थियो । स्याङजा-२ बाट पद्मा अर्याल, दाङ-३ बाट कोमल वली, सुनसरी-३ बाट भगवती चौधरी, बारा-३ बाट ज्वाला साह, उदयपुर-१ बाट मञ्जु चौधरी, धनुषा-३ बाट जुलीकुमारी महतो, कास्की-२ बाट विद्या भट्टराई, बाग्लुङ-२ बाट मञ्जु शर्मा चालिसे, दाङ-१ बाट शान्ता चौधरी, डोटीबाट गौरी ओली र कञ्चनपुर-३ बाट निरु पाललाई उम्मेदवार बनाएको थियो । तीमध्ये भगवती चौधरी, विद्या भट्टराई, जुलीकुमारी महतो, ज्वालाकुमारी शाह निर्वाचित भएका थिए ।

तत्कालीन माओवादी केन्द्रले पाँच महिला उम्मेदवार उठाएको थियो । काठमाडौं-२ बाट ओनसरी घर्ती, काठमाडौं-७ बाट मानुषी यमी भट्टराई, काठमाडौं-९ बाट कल्पना धमला, ललितपुर-३ बाट पम्फा भुसाल र दाङ-२ बाट रेखा शर्मालाई उम्मेदवार बनाए पनि रेखाबाहेक कसैले जितेनन् । रास्वपाबाट काठमाडौं २ र ललितपुर ३ बाट टिकट लिएका सोविता गौतम र तोसिमा कार्की निर्वाचित भएका थिए । राप्रपाले दैलेखबाट कुन्तीकुमारी शाही र काठमाडौं-२ बाट कुन्ता पोखरेललाई टिकट दिए पनि उनीहरू सफल हुन सकेनन् । नागरिक उन्मुक्ति पार्टीकी अध्यक्ष रञ्जिता चौधरी कैलाली १ बाट निर्वाचित भएकी थिइन् ।

**पदाधिकारीमै ...**

पनि पदाधिकारीमा एक जान मात्रै महिलालाई स्थान दिएको छ । निर्वाचन आयोगले प्रत्यक्ष निगरानी गर्न पाउने राजनीतिक दलमा महिलाको प्रतिनिधित्वको विषयलाई केन्द्रीय समितिमा ३३ प्रतिशत पुऱ्याउने व्यवस्था भए पनि पदाधिकारीमा अनिवार्य गरिएको छैन । दलहरूले आफ्नो पार्टीको विधानमा समेत न्यूनसंख्यामा प्रतिनिधित्व गरेका छन् । नेपाली कांग्रेसमा १४ पदाधिकारीमा एक जना सहमहामन्त्री अनिवार्य राखेको छ । सोहीअनुसार सहमहामन्त्री डिना उपाध्यायबाहेक १३ जना पदाधिकारी सबै पुरुष छन् । त्यस्तै, एमालेमा १९ पदाधिकारीमा एक जान सचिव पद्मा अर्याल छन् । नेपाली कम्युनिस्ट पार्टी महाधिवेशन आयोजक समिति मात्रै रहेकाले विधानमा समावेशिताको प्रतिनिधित्व उल्लेख गर्न बाँकी नै रहेको नेताहरूले जनाएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टीमा समेत कोषाध्यष लिमा अधिकारीबाहेक पदाधिकारीमा सबै पुरुष छन् । उक्त दलमा पदाधिकारी थप्नेक्रममा रहे पनि महिलालाई बेवास्ता गरिएको छ । राप्रपामा एक जना महिला महामन्त्री कुन्तीकुमारी शाही छन् । मधेशवादी दलहरूमा पनि पदाधिकारीको अवस्था त्यस्तै छ ।

**असुरक्षित...**

गएको छ । कर्जा असुली नहुँदा बैंक तथा वित्तीय संस्थाको खराब कर्जा बढेको छ । ऋण असुल गर्न जाँदा बैंक तथा वित्तीय संस्थाका कर्मचारीमाथि आक्रमणका घटनाहरू भइरहेका छन् । ऋण तिर्नेभन्दा कर्मचारीलाई धम्की दिने, आक्रमण गर्ने घटनाले बैंकिङ क्षेत्रमा त्रास सिर्जना भइरहेको छ । केही समयअघि दुर्गा प्रसाई समूहले बैंकको ऋण नतिर्नेजस्ता अभियानले समस्यामा परेको बैंक क्षेत्र अहिले कर्मचारीमाथि नै आक्रमण हुँदा झनै असुरक्षित बनेको छ ।

नेपाल राष्ट्र बैंकका पूर्वगभर्नर दीपेन्द्रबहादुर क्षेत्रीले पछिल्लो समय बैंकका कर्मचारीमाथि हुने आक्रमणले बैंकिङ अराजकता बढेको देखाउँछ । उनले मध्यान्हसँग भने, 'पछिल्लो समय जसले जे गरेपछि हुन्छ कारबाही हुँदैन भन्ने सोचाइ बढेर गएको छ । अहिले मुलुकका कोही पनि कुनै पनि क्षेत्र सुरक्षित छु भन्ने महसुस गर्ने वातावरण बनेको छैन ।'

अझै पछिल्लो भदौ २३ र २४ भएको घटनापछि ऋणीहरू अझै हौसियर कर्जा नतिर्ने र कर्मचारीमाथि नै आक्रमण भएको देखिएको उनी बताउँछन् । यस्ता घटना सरकारले समेत रोक्न सकेको छैन । अपराधलाई क्षमा गर्ने प्रवृति नहट्ने हो भने यस्ता फौजदारी घटना अझै बढ्छ सक्ने क्षेत्रीले बताए ।

अर्थतन्त्रमा सुस्ताएकै अवस्थामा ऋणीहरूले सावाँ ब्याज तिर्न सकेका छैनन् । कर्मचारीमाथि भएको हिंसात्मक घटनाले कर्मचारीको सुरक्षा र पेसागत मर्यादामै आँच आइरहेको बैंकका कर्मचारी बताउँछन् । नेपाल इन्भेस्टमेन्ट मेगा बैंक कर्मचारी युनियन अध्यक्ष शिवहरि भण्डारीले राज्य र नियामक निकायहरूले कर्मचारीको सुरक्षा सुनिश्चित नगरेमा युनियनले सम्पूर्ण शाखाका चाबी नेपाल राष्ट्र बैंक र अर्थ मन्त्रालयमा बुझाउने तथा धर्नामा बस्ने चेतावनी दिएका छन् । बैंक कर्मचारीको जीवन, पेसागत मर्यादा र सुरक्षित कार्य वातावरण सुनिश्चित गर्न सबै सरोकारवालालाई आग्रहसमेत गरेका छन् । नेपाल राष्ट्र बैंकका प्रवक्ता गुरुप्रसाद पौडेलले राष्ट्र बैंक कर्मचारीमाथि आक्रमण निन्दनीय भएको बताउँछन् । उनले भने, 'कर्जा लिएर पछि नतिर्ने भन्ने हुँदैन । बैकका कर्मचारीमाथि भएको आक्रमण गर्नेलाई प्रहरी प्रशासनको समन्वयमा कारबाही हुन्छ ।'

**राजीनामाको...**

पनि सँगै थिए । मन्त्री खरेलको निकटता पनि रास्वपासँगै छ । उनी आउँदो चुनाव लड्ने तयारीमा रहेको निकटस्थ स्रोत बताउँछ ।

प्रधानमन्त्री कार्कीले अन्तरिम सरकारको सबैभन्दा ठुलो भरोसा घिसिङलाई मानेकी थिइन् । उनी तयार भएर मात्र आफ्नो सरकार बन्न सम्भव भएको सार्वजनिक टिप्पणी नै गरेकी थिइन् । तर मन्त्री घिसिङ दलीय राजनीतिमा सक्रिय हुन थालेपछि उनी असन्तुष्ट थिइन् । यसअघि पनि चुनाव लड्ने मन्त्रीले राजीनामा दिनुपर्ने सन्देश दिएकी कार्कीले सोमबार भने मन्त्रिपरिषद् बैठकमै बोलेकी हुन् ।

पूर्वप्रधानन्यायाधीश कार्की प्रधानमन्त्री नियुक्त भएलगत्तै सार्वजनिक रूपमै भनेकी थिइन्, 'मन्त्री कुनै राजनीतिक दलमा नलागेको चाहिन्छ । जनजाति, महिला, दलित र पिछडिएको समुदायको प्रतिनिधित्व हुन्छ । पार्टीमा गएको छ भने त्यो हुँदैन ।' मन्त्रीहरू दलीय गतिविधिमा सहभागी हुन थालेपछि उनको यो प्रतिबद्धतामाथि नै प्रश्न उठेको छ । भलै, मन्त्री घिसिङले मंगलबार मात्रै आफू कुनै दलको सदस्य नरहेको सार्वजनिक रूपमा दाबी गरे । लगत्तै पत्रकारसँग भने आफूले समय आएपछि राजीनामा गर्ने पनि बताए । यसले उनको दोहोरो मापदण्ड देखाएको छ ।

प्रधानमन्त्री कार्यालय स्रोतका अनुसार घिसिङले मन्त्रिपरिषद्को सामूहिक निर्णयको भावनाविपरीत एकल निर्णय सार्वजनिक रूपमा घोषणा गर्ने, नियामक निकायसँग समन्वय नगर्ने र मन्त्रालयलाई 'व्यक्तिकेन्द्रित' बनाउने आरोप खेप्दै आएका थिए । उनी प्रत्यक्ष निर्वाचनको मनोनयनअघि राजीनामा दिने मनस्थितिमा थिए । तर प्रधानमन्त्रीले नै राजीनामा मागेपछि अब सरकारमा बस्न नैतिक अप्ठेरोमा परेका छन् ।

**१८ सिटमा...**

सात, नेकपाले चार र जसपा नेपालले एक सिटमा उम्मेदवार उठाउने गरी छलफल चलेको छ । यद्यपि, ठोस सहमति भने भइनसकेको नेताहरू बताउँछन् ।

नेपाली कांग्रेसका प्रवक्ता प्रकाशशरण महतका अनुसार तालमेलको निर्णय भएको छ । तर केही विषय मिलाउन बाँकी नै छ । यसकारण कांग्रेसको केन्द्रीय कार्यसम्पादन समितिको बैठक बुधबार बिहान ९ बजे बस्दै छ ।

नेकपा एमालेका सचिव महेश बस्नेतका अनुसार कांग्रेससँग छलफल गरेर सिट बाँडफाँटको संख्या र कलस्टर टुंगो लगाउने जिम्मेवारी अध्यक्ष केपी शर्मा ओलीलाई दिइएको छ । भागबन्डामा परेअनुसार उम्मेदवार चयन गर्ने अधिकार पनि ओलीलाई नै दिइएको छ ।

नेपाली कम्युनिस्ट पार्टीले पनि तालमेल र उम्मेदवार चयन गर्ने जिम्मेवारी संयोजक प्रचण्ड र सहसंयोजक माधवकुमार नेपाललाई दिएको छ ।

तालमेलका लागि जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव आफैं सक्रिय छन् ।

**अभिमुखीकरण...**

तालिम प्रदायक संस्थाहरूले प्रयोग गर्ने कम्प्युटर तथा नेटवर्क विवरण अनिवार्य रूपमा दर्ता गर्नुपर्ने व्यवस्था गरिएको विभागको भनाइ छ ।

विभागले अभिमुखीकरण तालिमका विवरणहरू दर्ता गर्नका लागि विभागबाट निर्माण तथा अपडेट गरिएको ओरियन्टेसन डेस्कटप एप्लिकेसन प्राप्त गरी सम्बन्धित संस्थाले लगइन गरेपश्चात् डिभाइस सेटिङभित्र देखिने गेट नेटवर्क इन्फो बटन क्लिक गरी दर्ता गर्न सकिने बताएको छ ।

दर्ता गरिएको कम्प्युटर तथा नेटवर्कबिना हाजिर गराउँदा सुनसरीमा रहेको कामदारको काठमाडौंबाट पनि कक्षामा उपस्थिति देखाउन सकिने अवस्था थियो । त्यसले श्रम स्वीकृतिका लागि अनिवार्य गरिएको अभिमुखीकरण तालिममा अनियमितता भएको गुनासो बढेको थियो ।

विभागले वैदेशिक रोजगारमा जाने कामदारलाई अनिवार्य रूपमा तोकिएको घण्टा कक्षा कोठामा उपस्थित भएर अभिमुखीकरण तालिम लिन बाध्य पार्न नयाँ व्यवस्था गरेको बताइएको छ । तोकिएको घण्टा कक्षा कोठामा उपस्थित भएर अभिमुखीकरण लिएको अवस्थामा वैदेशिक रोजगारका क्रममा भइरहेको शारीरिक तथा मानसिक क्षति कम हुने आकलन छ । वैदेशिक रोजगारको अभिमुखीकरण तालिमलाई प्रभावकारी बनाउनुपर्ने धेरैको भनाइ छ । नेपालबाट वैदेशिक रोजगारमा जाने कामदारमध्ये अदक्ष कामदारको संख्या ठुलो छ । विभागका अनुसार गत मंसिर महिनामा ६५ हजार ७ सय ५ जना कामदार श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा गएका थिए । त्यसमा उच्च दक्ष कामदारको संख्या १ सय २३ रहेको छ भने अदक्ष कामदारको संख्या १३ हजार ५ सय ७६ रहेको छ । अन्य सम्बन्धित पेशामा केही सीप भएका कामदार रहेका छन् । अदक्ष कामदारलाई अभिमुखीकरण तालिमको बढी आवश्यक हुने विज्ञहरू बताउँछन् ।

**डलरको...**

अमेरिकी डलरको भाउ बढ्दा राम्रो प्रभाव परेको भने व्यक्तिगत रूपमा वैदेशिक रोजगारमा रहेका कामदारका परिवार लाभान्वित भएका छन् । अघिल्ला वर्षहरू हुने कमाइको तुलनामा यस वर्ष उति नै तलब बुझेपनि डलरको मूल्य बढी हुँदा नेपालमा परिवारले अतिरिक्त रकम पाइरहेको जानकारहरू बताउँछन् । नेपाल राष्ट्र बैंकका अनुसार अमेरिकी डलरको मूल्य बढ्दा नेपालले गर्ने साँवा तथा ब्याज भुक्तानी महँगिएको छ, तर विदेशमा काम गर्ने ठुलो संख्यामा रहेका नेपालीहरूले पठाउने रेमिट्यान्स रकम लगातार वृद्धि भइरहेको छ ।


# Invitation For Quotations

## Putha Uttarganga Rural Municipality

## Office of the Rural Municipal Executive

**Takasera, Rukum (East),**
**Lumbini Province, Nepal**

**Invitation For Sealed Quotation for the procurement of following mentioned Goods.**

**(First Date Of Publication: 2082/09/23 B.S) ( 2026/01/07. A.D)**

1. PURMO invites electronic bids from eligible Nepalese bidders for the following contracts under (Sealed quotation) procedures.
2. Bidding documents can be downloaded from the PPMO e-GP system at www.bolpatra.gov.np/egp.
3. Bids must be submitted electronically to PURMO, Takasera, Rukum (East) on or before **12:00 Noon, 2082/10/07 B.S. (2026/01/21A.D.)**. Late bids will be rejected.
4. Bids will be opened in the presence of bidders' representatives at **13:00 on 2082/10/07 B.S. (2026/01/21 A.D.)** at PURMO Office. Bid security must remain valid for **45 days** after opening and be accompanied by a bid security valid for **30 days** beyond the bid validity period.
5. All terms and conditions shall be as per the Government of Nepal's Public Procurement Act 2063 and Regulation 2064 (with amendments).
6. PURMO reserves the right to accept or reject any or all bids, wholly or partly, without assigning any reason.
7. Information to deposit the cost of Bidding Doccument and Bid-Bond in the Bank:

| Office Name | Putha Uttarganga Rural Municipality ,Rukum (East) | | |
|---|---|---|---|
| For Bid Document | Putha Uttarganga (GA 1.1) Aantarik Rajaswa Khata | 01415359946 | Siddartha Bank Ltd., Putha Uttarganga Branch |
| For Bid Security | Putha Uttarganga (GA 03) Dharauti Khata | 01415220470 | |

8. The Name and identification no of the contracts are as follows.

| Contract No. | Description of works | Bid Security Amount (NRs.) | Bid Doccument Price (NRs.) |
|---|---|---|---|
| EGP/PURMO/ SQ/TG/LISP/ GOODS/2082/83-01 | Procurement and supply of Different Construction Material and Electrical item and transport toTamaghar khola and Ghoskar khola as per instruction of office | Nrs. 57,900 | Nrs. 1,000 |

**Chief Administrative Officer**



# सुन्दरहरैँचा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**विराटचोक, मोरङ**
**कोशी प्रदेश, नेपाल**

**सुन्दरहरैंचा नगरपालिकाद्वारा जनहितमा जानकारी मूलक सन्देश**

१. खरिद गरेको समानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
२. नापतौलसम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी / उजुरी दिने ।
३. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
४. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
५. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
६. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
७. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
८. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
९. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१०. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
११. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने । १६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१२. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१३. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।
१४. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।
१५. जथाभावी ढुंगा गिट्टी, बालुवा उत्खन नगर्ने तथा बोट विरुवा काट्ने र खोलाको बहाव बढ्ने जस्ता कार्य नगरौं ।
१६. बाढी, पहिरोको जोखिम घटाउन समुदायस्तरबाट समयमै रुख रोपौं, वन जोगाऔं ।
१७. विपद्को घटना घटेमा उद्धार तथा राहतको लागि नजिकै रहेको सुरक्षा निकायमा सम्पर्क राखौं ।
१८. खानेपानीका मुहानहरु सदैव सफा राखौं ।
१९. जथाभावी फोहोर नफालौं ।
२०. शुद्ध र सफा पानी पिउँ, स्वस्थ्य जीवन जिउँ ।
२१. चर्पीमा मात्र दिसापिसाव गरौं ।
२२. सफासँग हात धोएर खाना खाने गरौं ।
२३. झाडा पखाला जस्ता रोग लागेमा नजिकै रहेको स्वास्थ्य केन्द्रमा सम्पर्क गरौं ।
२४. घरपालुवा चौपायाहरु छाडा नछाडौ तथा छाडा चौपायको नियन्त्रण गरौं र दुर्घटनाबाट बचौं ।
२५. सवारीसाधनहरु उचित स्थानमा मात्र पार्किङ गरी ट्राफिक व्यवस्थापनमा सजीकरण गरौं ।
२६. वकास निर्माणको कार्यक्रममा जनसहभागिता जुटाऔं र भएका विकास निर्माण कार्य संरक्षण गरौं ।
२७. जेष्ठ नागरीकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।
२८. व्यक्तिगत घटना घटेको ३५ दिन भित्र अनिवार्य रुपमा नगरपालिकामा घटना दर्ता गराऔं ।
२९. समयमा नै कर तिरी सभ्य नागरिकको परिचय दिऔं ।
३०. यस नगरपालिकाबाट इजाजत लिएरमात्र घर निर्माण तथा प्लटिङ कार्य गरौं ।
३१. नगरपालिकालेले तोकेको मापदण्ड बमोजिम भूकम्प प्रतिरोधि घर निर्माण गरौं र सधैंका लागि ढुक्क होऔं ।
३२. राष्ट्रिय सम्पदा तथा धरोहरहरुको जर्गेना गरौं ।
३३. कुनै पनि व्यवसाय नगरपालिका र नियमनकारी निकायमा दर्ता गरे पश्चातमात्र सञ्चालन गरौं ।

# एमालेको चुनावी कमान्डर बने बादल



**काठमाडौं/मस–** नेकपा (एमाले)ले आसन्न फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनका लागि घोषणापत्र मस्यौदा कमिटी गठन गरेको छ।

ललितपुरको च्यासलमा मंगलबार बसेको सचिवालय बैठकले पार्टी अध्यक्ष केपी शर्मा ओलीको संयोजकत्वमा घोषणापत्र मस्यौदा कमिटी गठन गरेको बैठकपछि उपमहासचिव लेखराज भट्टले जानकारी दिए।

समितिमा उपाध्यक्षद्वय रामबहादुर थापा र विष्णुप्रसाद पौडेल, महासचिव शंकर पोखरेल, नेता ईश्वर पोखरेल प्रदीप ज्ञवाली र विष्णु रिमाल रहेका छन्।

यस्तै बैठकले उपाध्यक्ष रामबहादुर थापाको संयोजत्वमा निर्वाचन परिचालन कमिटी गठन गरेको छ। कमिटीको सचिवमा विष्णु रिमाल र सदस्यमा छविलाल विश्वकर्मा, हिक्मत कार्की, डा.राजन भट्टराई, रमेश बडाल, मीनबहादुर शाही र डा.भीष्म अधिकारी रहनुभएको छ। यस्तै पार्टीका पदाधिकारी र केन्द्रीय कमिटीलाई निर्वाचनको काममा केन्द्रित रहेर परिचालन गर्ने निर्णय गरिएको उपमहासचिव भट्टले जानकारी दिए।

उनले पार्टीका पदाधिकारी र केन्द्रीय सदस्यलाई आगामी निर्वाचनमा खेलेको भूमिको आधारमा आगामी जिम्मेवारी निर्धारण गरिने बताए। उपमहासचिव भट्टका अनुसार निर्वाचन नजिकै आइरहेकाले नेताहरुको कार्यविभाजन अस्थायी किसिमले गरिएको छ। पार्टीको नवनिर्वाचित केन्द्रीय कमिटीले नेतालाई केन्द्र र प्रदेशगत रुपमा युवा मतदाता केन्द्रित चुनाव परिचालनका लागि जिम्मेवारी दिएको जानकारी दिए। यस्तै बैठकले प्रदेश र निर्वाचन सम्बन्धित अन्य काममा संयोजन गर्न नेताहरुलाई जिम्मेवारी प्रदान गरेको छ। कोशी प्रदेशमा सचिव शेरधन राईलाई, मधेस प्रदेशमा लिलानाथ श्रेष्ठलाई, बागमती प्रदेशमा महेश बस्नेतलाई, राजधानीमा डा.राजन भट्टराईलाई, गण्डकी प्रदेशमा खगराज अधिकारीलाई, लुम्बिनी प्रदेशमा पद्मा अर्याललाई, कर्णाली प्रदेशमा यमलाल कँडेललाई र सुदूरपश्चिममा गणेश ठगुन्नालाई तथा संगठन विभागको संयोजन भानुभक्त ढकाललाई प्रदान गरिएको छ।

यस्तै पार्टी नियमावली संशोधन गर्नका लागि मस्यौदा कमिटीको सचिव भानुभक्त ढकाल तथा सदस्यमा रमेश बडाल र माधव ढुंगेललाई चयन गर्ने निर्णय गरेको छ। पार्टीको नीति अनुसन्धान प्रतिष्ठानको अध्यक्षमा विष्णु रिमाललाई चयन गर्ने निर्णय गरिएको छ। उपमहासचिव भट्टले राष्ट्रियसभामा नेपाली कांग्रेस र नेपाली कम्युनिष्ट पार्टीसँग गठबन्धन गरेर जाने कुरामा सहमति भएको जानकारी दिए।

### दुई प्रस्ताव पारित

एमालेले हालै अमेरिकाले भेनेजुलएलामा गरेको हस्तक्षेपको भर्त्सना गरेको छ। बैठकपछि उपमहासचिव भट्टले अमेरिकाद्वारा भेनेजुलएलामा गरिएको व्यवहार न्यायिक दृष्टिकोणले कदापी स्वीकार्य नहुने भन्दै यस्तो घटनाको विरोध गर्दै विश्व व्यवस्थामा फर्कन आह्वान गरिएको बताए। यस्तै जनकपुरमा सामाजिक सद्भाव भड्काउन गरिएको गतिविधिप्रति आपत्ति जनाउँदै एमालेले सद्भाव कायम गर्न सरकारसँग माग गरेको छ।

# ब्रिटिस स्कुलको सञ्चालक समितिमा विदेशी नागरिक




**ललितपुर/मस–** पर्यटक तथा 'डिपेन्डेन्ट' भिसामा नेपाल आएका विदेशी नागरिक ललितपुरको जावलाखेलमा रहेको 'द ब्रिटिस स्कुल' को सञ्चालक समितिमा रहेको विषयमा अध्यागमन विभागले छानबिन गरेको पाइएको छ। अध्यागमन विभागका निर्देशक एवम् प्रवक्ता टिकाराम ढकालले दिएको जानकारी अनुसार पर्यटक तथा 'डिपेन्डेन्ट' भिसामा नेपाल आएका विदेशी 'द ब्रिटिस स्कुल' को सञ्चालक समितिमा रहेको तथ्यसहित विभागमा उजुरी परेपछि शिक्षा मन्त्रालयसँग समन्वय गरेर छानबिन विभागले छानबिन गरिरहेको छ। 'नेपालको कानुनलाई चुनौती दिँदै विदेशी नागरिकहरूले भिसाको उद्देश्य विपरीत काम गरिरहेको भन्ने उजुरी प्राप्त भएको थियो, उजुरी प्राप्त भएपछि हामीले शिक्षा मन्त्रालयसंग पनि जानकारी लिइरहेका छौं, यो विषयमा अहिले नै टुंगोमा पुग्न सकेका छैनौं', प्रवक्ता ढकालले भने। पर्यटक तथा 'डिपेन्डेन्ट' भिसामा नेपाल आएका विदेशीहरूले विद्यालयको सञ्चालक समितिमा रहेर प्रशासनिक र नीतिगत हस्तक्षेप गरिरहेको भन्दै अध्यागमन विभागमा गत कात्तिक २० गते विभागमा उजुरी दर्ता भएको उनले जानकारी दिए।

विभागमा दर्ता भएको उजुरीमा नेपालको अध्यागमन कानुनको बर्खिलाप गर्दै विद्यालयको प्रशासनिक गतिविधि र निर्णय प्रक्रियामा विदेशी हाबी दाबी गरिएको छ। 'यस विषयमा गुनासो र लिखित उजुरी प्राप्त भएको छ। हामीले यसलाई गम्भीरतापूर्वक लिएर अनुसन्धान अघि बढाएका छौं। अनुसन्धान प्रतिवेदन आएपछि कानुन बमोजिम आवश्यक प्रक्रिया र कारबाही अघि बढाइनेछ', प्रवक्ता ढकालले भने।

उजुरीमा उल्लेख भएअनुसार नेदरल्याण्डका विल्को नानो ब्राम, बेलायतकी क्यारन आर्लिन बसु रे र अमेरिकाका सन्तोष श्रेष्ठमाथि गैरकानुनी रूपमा काम गरेको आरोप छ। यी तीनै जना विदेशी नागरिक पर्यटक वा परिवारजनको भिसामा नेपाल बसेर विद्यालयको सञ्चालक समिति (बोर्ड अफ गभर्नर्स)मा रहेर विद्यालयको नीति निर्माण गर्ने र प्रशासनिक निर्णयहरूमा प्रत्यक्ष संलग्न भइरहेको उजुरीमा उल्लेख छ।

नेपालको अध्यागमन ऐन, २०४९ र अध्यागमन नियमावली, २०५१ को नियम २० ले पर्यटक वा नाता सम्बन्धका आधारमा (डिपेन्डेन्ट) भिसा लिएका विदेशीलाई नेपालमा कुनै पनि प्रकारको उद्योग, व्यापार, व्यवसाय वा संस्थामा काम गर्न स्पष्ट बन्देज लगाएको छ। काम गर्नका लागि श्रम स्वीकृति र सोही अनुसारको भिसा अनिवार्य हुन्छ। तर, ब्रिटिस स्कुलमा संलग्न यी विदेशीहरूले 'आवास मात्र रहने' अनुमति लिएर विद्यालय सञ्चालनमा सक्रिय भूमिका खेलिरहेको पाइएको उजुरी भनिएको छ। उनीहरूले नियमावलीको नियम १९ अनुसार ६ महिनाभन्दा बढी बस्दा गर्नुपर्ने ठेगाना दर्ता, परिवर्तनको सूचना र एक सय २० दिनभन्दा बढी बस्दा स्थानीय प्रहरीमा उपस्थित हुनुपर्ने कानुनी प्रावधानसमेत पालना नगरेको आशंका रहेको उजुरीमा उल्लेख गरिएको छ।

यस प्रकरणलाई सामान्य भिसा दुरुपयोगका रूपमा मात्र नभई राज्यको कानुनी व्यवस्था र स्वाधीनतामाथिको चुनौतीका रूपमा हेरिएको छ। उजुरीकर्ताले दाबी गरेअनुसार, विदेशी नागरिकले नेपालको आन्तरिक संस्थागत निर्णय प्रक्रियामा प्रमुख वा हस्तक्षेपकारी भूमिकामा रहनु राष्ट्रिय स्वाभिमान र श्रम सम्बन्धी कानुनको उल्लंघन हो। यस्तो प्रवृत्तिले राष्ट्रिय निर्णय प्रक्रियामा नेपाली नागरिकको भूमिका कमजोर पार्ने र विदेशी हस्तक्षेप बढाउने जोखिम निम्त्याएको दाबी गरिएको छ। उजुरीमा कानुन मिच्ने विदेशी नागरिकमाथि तत्काल छानबिन गर्न, भिसा दुरुपयोगको अभियोगमा कारबाही गर्न र यस्ता गतिविधि दोहोरिन नदिन निगरानी बढाउन माग गरिएको छ।

# वीरगन्जमा सामाजिक सद्भाव कायम गर्न पाँचबुँदे सहमति

**लालबाबु बानिया/मध्यान्ह**
पर्सा, २२ पुस

दुई दिनदेखि वीरगन्जमा चलिरहेको आन्दोलनलाई मध्यनजर गर्दै सामाजिक सद्भाव कायम गर्न हिन्दु-मुस्लिम समुदायका अगुवाबीच ५बुँदे सहमति भएको छ। उक्त सहमति भएसँगै प्रशासनले लगाएको कर्फ्यु आदेश पनि हटाइएको छ।

दुई फरक समुदायबीचको तनावका कारण अशान्त बनेको वीरगन्जमा धार्मिक तथा सामाजिक सद्भाव कायम गर्न जिल्ला प्रशासन कार्यालय पर्सामा मंगलबार सुरक्षा निकायका प्रमुखहरूको रोहबरमा हिन्दु र मुस्लिम समुदायका अगुवाहरू सम्मिलित सर्वपक्षीय बैठक बसेको थियो। उक्त बैठकले सामाजिक सद्भाव कायम गर्ने लगायतका विषयमा ५ बुँदे सहमति गरेको हो।

५बुँदे सहमति भएसँगै दुई दिनदेखि विवादका कारण प्रशासनद्वारा लगाइएको कर्फ्यु मंगलबार अपरान्ह साढे ३ बजेदेखि हटाइएको छ। गत आइतबारदेखि अशान्त बनेको वीरगन्जमा मंगलबार अपरान्ह साढे ३ बजेदेखि कर्फ्यु हटाइएसँगै जनजीवन क्रमशः सामान्य बन्दै गएको छ। बजारहरू खुलेका छन् भने सडकमा आवागमन पनि सुचारु बनेको छ।



मंगलबार जिल्ला प्रशासन कार्यालयमा सम्पन्न सर्वपक्षीय बैठकमा भएको ५बुँदे सहमतिअनुसार अन्य मुलुक वा नेपालकै अन्य जिल्लामा हुने धार्मिक वा सामाजिक घटना/दुर्घटनाको विषयलाई लिएर वीरगन्जमा प्रदर्शन वा आन्दोलन नगर्ने उल्लेख छ। यदि गर्नै परेमा सम्बन्धित पक्षले जिल्ला प्रशासन कार्यालयबाट अग्रिम अनुमति लिइ प्रमुख जिल्ला अधिकारीसमक्ष ज्ञापन पत्र पेस गरेपछि मात्रै आन्दोलनको कार्यक्रम गर्ने सहमति भएको छ।

यसैगरी भविष्यमा हुन सक्ने धार्मिक तथा सामाजिक सद्भावविरुद्धका गतिविधिहरू नियन्त्रण गर्न हिन्दु र मुस्लिम समुदायका अगुवासहित सम्मिलित सद्भाव समिति गठन गरिएको छ। उक्त सद्भाव समितिमा हिन्दु समुदायका तर्फबाट रञ्जित साह र रञ्जन सिंह, मुस्लिम समुदायका तर्फबाट महमद महबुब अली (शेरु) र मौलाना असगर मदनी, राजनीतिक दलका एक-एक जना प्रतिनिधि, नेपाल पत्रकार महासंघ पर्सा शाखाका अध्यक्ष तथा नागरिक समाजका एक जना प्रतिनिधि रहने सहमति गरिएको छ।

उक्त सद्भाव समितिले भविष्यमा हुन सक्ने धार्मिक तथा सामाजिक सद्भावविरुद्धका गतिविधिहरू नियन्त्रण गर्ने तथा आवश्यक कानुनी कारबाहीका लागि कानुनी निकायमा सिफारिस गर्ने सहमति पनि गरिएको छ।

यसैगरी सर्वपक्षीय बैठकमा सञ्चारकर्मीहरूलाई समाचार सम्प्रेषण गर्नु अघि धार्मिक, सांस्कृतिक तथा सामाजिक सद्भावमा खलल नपुग्ने गरी समाचार सम्प्रेषण गर्न अनुरोध गर्ने, धार्मिक, सांस्कृतिक तथा सामाजिक सद्भाव बिथोल्न दुरुत्साहन गर्ने समूह वा आन्दोलनकारीलाई कानुनी दायरामा ल्याउन स्थानीय प्रशासन सक्रिय रहने, साथै सबै पक्षले आ-आफ्नो समूहका तर्फबाट भएका कमजोरीको मनन गर्दै आ-आफ्नो समुदायका व्यक्तिलाई अनुशासन, आत्मसंयम र सद्भाव कायम राख्न अपिल गर्ने सहमति पनि गरिएको छ।

वीरगन्जमा विद्यमान परिस्थितिलाई सहज बनाउन सबैले आ-आफ्नो स्थानबाट सक्रिय तथा सकारात्मक भूमिका निर्वाह गर्दै थप विरोध कार्यक्रम नगर्ने बुँदा पनि ५बुँदे सहमतिपत्रमा उल्लेख रहेको पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहालले जानकारी दिए।

सर्वपक्षीय बैठकमा ५बुँदे सहमति भएपछि वीरगन्जमा सोमबारदेखि लगाइएको कर्फ्यु आदेश मंगलबार अपरान्ह ३:३० बजेदेखि हटाइएको प्रमुख जिल्ला अधिकारी दाहालले बताए। गत शनिबार धनुषामा मस्जिदमा तोडफोड गरिएको घटनालाई लिएर वीरगन्जमा गत आइतबारदेखि दुई फरक समुदायबीच प्रदर्शन भएपछि अवस्था तनावग्रस्त बनेको थियो। त्यसपछि सोमबार दिउँसो १ बजेदेखि वीरगन्जमा निषेधाज्ञा र त्यसपछि कर्फ्यु लगाइएको थियो।

### अविना वैध हत्या प्रकरण

# हत्याको कारण प्रेमसम्बन्ध

**सिरहा/मस–** सिरहाको कर्जन्हा नगरपालिकामा एक महिनाअघि मृत फेला परेकी १७ वर्षीया किशोरी अविना वैधको हत्याको विषयमा नयाँ तथ्य पत्ता लागेको छ। प्रारम्भिक रूपमा रहस्यमय बनेको घटनामा फोन कल विवरण, भेटघाटको क्रम र आरोपीको बयानले हत्या आरोप पुष्टि भएको प्रहरीले जनाएको छ।

केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी), मधेस प्रदेश प्रहरी कार्यालय तथा स्थानीय प्रहरीको संयुक्त अनुसन्धानपछि धनुषाको क्षिरेश्वर नगरपालिका-३ का ४५ वर्षीय रामबालक चौधरीलाई पक्राउ गरिएको थियो। जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालको अनुसार आरोपी र मृतकबीच पहिलेदेखि नै सम्पर्क र प्रेमसम्बन्ध रहेको खुलेको छ। पत्रकार सम्मेलनमार्फत मंगलबार घटना विवरण सार्वजनिक गर्दै सूचना अधिकारी पालले भने, 'घटनाअघि राति दुवैबीच भएको फोन सम्पर्क, भेट भएको स्थान र समय तथा घटनास्थलसँग मेल खाने प्रमाणका आधारमा हत्या उनैले गरेको निष्कर्षमा प्रहरी पुगेको हो।'

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०६७/०२/११ मा दर्ता भएको श्री **कनिष्क म्यानेजमेन्ट अफ प्रोडक्टिभ लर्निङ प्रा. लि. (प्रा. लि. नं. ७३०९४)** नामक कम्पनीले दफा १३६ (क) अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

**साउदीमा रोजगार** कम्पनी: MARYAM SALEH AL-BADOUH GENERAL CONTRACTING COMPANY शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०८२/०९/२२ चलानी नं.:६०२५०२५२ LT. No.:336676

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading Unloading Labor | 4 | 0 | स. काममा दक्ष | 1000 | ३८,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस ३० गते (14 January 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD.
Sinamangal-9, Kathmandu, Tel: +977-1- 4111286, 4111287
श्रम इजाजत पत्र नं.: ३३६/०५९/०६०

**अजयमेरु गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
भद्रपुर, डडेल्धुरा
सुदुरपश्चिम प्रदेश, नेपाल

## शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मिति : २०८२/९/२३ गते)**

यस कार्यालयबाट तपशिलका शिलबन्दि दरभाउपत्रहरूका लागि मिति २०८२/०८/२८ गते प्रकाशित सूचना अनुसार तोकिएको अवधि भित्र रितपुर्वक परेका शिलबन्दि दरभाउपत्रहरू खोल्न गठित मिति २०८२/९/१४ गते र मिति २०८२/९/१८ गतेको शिलबन्दि दरभाउपत्र मुल्यांकन समितिले शिलबन्दि दरभाउपत्रदाता एंव आमन्त्रित पदाधिकारिहरूको रोहवरमा खोलि मूल्यांकन समितिमा पेश भई मूल्यांकन समितिले उक्त शिलबन्दि दरभाउपत्रहरूको न्यूनतम परिक्षण र आर्थिक मूल्यांकन गरि पेश गरेको प्रतिवेदनको आधारमा तपशिलमा उल्लेखित शिलबन्दी दरभाउपत्रहरूमा तपशिल बमोजिमका शिलबन्दी दरभाउपत्रदाताको शिलबन्दी दरभाउपत्रहरू स्विकृतिका लागि छनौट गर्ने निर्णय गरिएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोछ छ।

**तपशिल :**

| सि. न. | बोलपत्र नं. | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | बोलपत्रको विवरण | कवोल अंक रु. (मु.अ.कर पि.एस. बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| 1 | ARM/SQ/W-1/2082/82 | Parvati nirman sewa Bhageshwor 3, Dadeldhura | Construction of Jaltada Khadibagad irrigation | 8,82,378.25 | |
| 2 | ARM/SQ/W-2/2082/82 | MNT Engineering Consultancy & Institute Pvt.Ltd.Amargadhi 5, Dadeldhura | Construction of Sellakhola Tathbandhan yojana. | 10,60,000.00 | |

हार्दिक श्रद्धाञ्जली



जन्मः वि. सं. २०६२ भदौ २३ गते
स्वर्गारोहणः वि. सं. २०८२ पुस ११ गते

**स्व. सिमान्त धामी**

हाम्रा परम मित्र **श्री किरण कुमार धामी** तथा **श्रीमती निर्मला बोहरा धामीका** प्रिय पुत्र **स्व. सिमान्त धामीको** स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै **हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दछौं। साथै यस दुःखद् घडीमा शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भनी ईश्वरसँग प्रार्थना गर्दै **भावपूर्ण समवेदना** व्यक्त गर्दछौं।

राजु घिमिरे
(संचालक)
तथा
अल फलाह ग्रुप ह्युमन रिसोर्सेज प्रा.लि. परिवार

**कतारमा रोजगार** कम्पनी : MARI GOLD CONTRACTING AND SERVICES शहर : Qatar
पूर्व स्वीकृत मितिः २०८२/०९/२२ चलानी नं.: ६०२५०२६२ LT. No.: 336704

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Metal Worker | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ४३,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labour | 1 | 0 | | 1000 | ३९,५५० | | | | | | | |
| 3. | Plumber General | 2 | 0 | | 1100 | ४३,५०५ | | | | | | | |

Free Visa ! Free Ticket !! Free Recruitment !!!
(Zero Cost) सहित QATAR मा रोजगारको अवसर

कम्पनी : AL MUFTAH CONTRACTING CO शहर : QATAR
पूर्व स्वीकृत मितिः २०८२/०९/२२ चलानी नं.: ६०२५०२६१ LT. No.: 336703

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Metal Pour Tech | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४७,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Painter/painter Building | 10 | 0 | | 1200 | ४७,४६० | | | | | | | |
| 3. | Scaffolder | 15 | 0 | | 1200 | ४७,४६० | | | | | | | |
| 4. | Service Agents | 5 | 0 | | 2500 | ९८,८७५ | | | | | | | |
| 5. | Stone Mason | 25 | 0 | | 1200 | ४७,४६० | | | | | | | |
| 6. | Technician | 5 | 0 | | 1100 | ४३,५०५ | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६/- रोजगारदाता कम्पनीले | रु. १,५००/- रोजगारदाता कम्पनीले | रु. ७,००/- रोजगारदाता कम्पनीले | नि:शुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८२ पुस ३० गते (14 January 2026) मा हुनेछ।

साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा. लि.
श्रम इजाजत नः ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, थसिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी बिकास बैंक पछाडी), ललितपुर
फोन नं. : ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE

**कुवेतमा रोजगार** कम्पनी: CUPPA RESTAURANT & CAFE CO. शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८१/०९/१७ चलानी नं.: ६०२३०६५४ L.T. No.: 316427 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barista | 1 | 1 | स. काममा दक्ष | 150 | ७०,३५९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुष ३० गते (14 January 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Guideline Recruitment Service Pvt. Ltd.
Govt.Lic.No 1061/073/74
Basundhara Chauki, Kathmandu, Tel.: 4389497,982-2506451, 982-3461212
Email: info.guideline2024@gmail.com, Web: www.guidelinerecruitment.com

मध्यान्ह
www.madhyanhadaily.com
२३ पुस २०८२ बुधबार
7 January 2026 Wednesday

## सम्पादकीय

# प्रत्यक्षमा महिलालाई अवसर देऊ

प्रतिनिधि सभाको निर्वाचन आउन अब दुई महिना बाँकी छ। दलहरू समानुपातिक बन्दसूची बुझाएर प्रत्यक्ष निर्वाचनका लागि उम्मेदवार छान्ने चरणमा छन्। उम्मेदवारका लागि आकांक्षी नेताहरू सिफारिस हुँदा महिलालाई भने औपचारिकतामा सीमित गर्न खोजेको देखिँदै छ। सिफारिस सूचीमा जसरी महिला नेतालाई प्राथमिकतामा राखिएको छैन, त्यसरी नै उम्मेदवार बनाउने हो भने यो चुनाव पनि २०७९ को आमचुनावजस्तै हुनेछ। संवैधानिक बाध्यता पूरा गर्न समानुपातिकबाट महिला राख्ने तर प्रत्यक्ष प्रतिस्पर्धाबाट जित्ने अवसरबाट वञ्चित गराउने स्थिति देखिँदै छ।

यस अवस्थालाई दलहरूले आफ्नो राजनीतिक अभ्यास बनाइरहेका छन्। त्यसका केही खास कारण पनि देखिन्छन्। दलभित्रको शक्ति संरचना अझै पनि पुरूषवादी छ। निर्णय गर्ने ठाउँमा महिलाको उपस्थिति नगण्य छन्। मुख्य दलहरूका पदाधिकारीमा एकाधबाहेक महिला प्रतिनिधित्व छैन। त्यसैले निर्णय महिलामैत्री हुने सम्भावना पनि न्यून छ। समानुपातिक प्रणालीलाई महिलालाई थन्क्याउने सुरक्षित ठाउँ बनाइएको छ। संविधानले महिलालाई अवसरको ढोका खोलिदिए पनि प्रत्यक्ष निर्वाचन पुरूषका लागि, समानुपातिक महिला समावेशिताका लागि भनेजस्तै भएको छ। भूगोलमा खटेका र राजनीतिक संघर्षबाट आएका नेतालाई बाहिर राखेर व्यक्तिगत, भेगीय एवं विचारसमूहका दृष्टिले निकट महिलालाई अवसर दिने प्रवृत्ति मौलाएको छ।

जेनजी आन्दोलनपछि पनि लैंगिक मुद्दा, प्रतिनिधित्वमा खासै फेरबदल आएको देखिँदैन। पुराना दल मात्र होइन्, नयाँ दलले समेत महिला नेतालाई पार्टीमा प्राथमिकतामा राखेका छैनन्। यसले यसपटकको चुनावी नतिजा पनि २०७९ को निर्वाचनभन्दा फरक नहुने सम्भावना अधिक छ। त्यतिबेला साना दल, स्वतन्त्रसहित प्रत्यक्षतर्फ २ सय २५ महिला उम्मेदवार थिए। नेपाली कांग्रेस, नेकपा एमाले, माओवादी केन्द्र, रास्वपाबाट उम्मेदवार हुनेको संख्या अत्यन्त न्यून थियो। सो निर्वाचनमा एमालेबाट चार, रास्वपाबाट दुई, कांग्रेस, माओवादी र नाउपाबाट एक/एक जना महिलाले प्रत्यक्ष निर्वाचन जितेका थिए। प्रतिनिधि सभामा महिलाको संख्या ३३ प्रतिशत देखिए पनि त्यो समानुपातिकको भरमा पूरा गरिएको थियो। संविधानले प्रत्यक्ष र समानुपातिक दुवै सांसद्लाई समान अधिकार दिएको छ। तर अहिले पनि समानुपातिकभन्दा प्रत्यक्ष निर्वाचनलाई दलहरूले शक्ति संघर्ष र नेताको परीक्षण मान्ने गरेका छन्। सो परीक्षामा महिलालाई सहभागी नगराएरै महिलाले जित्न सक्दैनन् भन्ने भाष्य बनाउन खोजिएको छ। जुन गलत हो।

समावेशी लोकतन्त्र भाषणले होइन, निर्णयले बन्छ। त्यसैले आउँदो चुनाव दलहरूका लागि परीक्षा हो। प्रत्यक्षतर्फ पनि महिलालाई प्राथमिकता राखेर दलहरूले आफ्नोसँगै लोकतन्त्रको विश्वसनीयता बढाउनुपर्छ। त्यसका लागि महिला नेताहरूको इच्छाशक्ति र संगठित दबाबको खाँचो देखिन्छ।

# सबै दल उस्तै होइनन्

*नयाँ-पुराना दलहरूले यसरी समानुपातिक कोटाको दुरुपयोग गरिरहेका बेला नेपाली कम्युनिस्ट पार्टीले मात्रै फरक सन्देश दिएको देखिन्छ। उसले समानुपातिक व्यवस्थाको मर्मलाई निकै हदसम्म न्याय गरेको छ।*

अग्रलेख



● अर्जुन विष्ट

भ्रष्टाचार र अन्यायविरुद्ध भएको जेनजी आन्दोलनका कारण संसद् विघटन भएपछि २०८४ मा हुनुपर्ने निर्वाचन आगामी फागुन २१ मा हुँदै छ। दलहरू यतिबेला चुनावमा होमिएका छन्। दलहरूले अहिले निर्वाचन आयोगमा समानुपातिक उम्मेदवारको सूची धमाधम बुझाइरहेका छन्। राजनीतिक दलहरूले बुझाएको बन्द सूची अहिले विवादित बनेको छ। नेपालको संविधानले समावेशिता, समान प्रतिनिधित्व र अवसरको न्यायोचित वितरण सुनिश्चित गर्न समानुपातिक निर्वाचन प्रणालीको व्यवस्था गर्‍यो। उद्देश्य स्पष्ट थियो- राजनीतिक रूपमा पछि पारिएका समुदाय, महिला, दलित, आदिवासी-जनजाति, मधेसी र अल्पसंख्यकलाई राज्यसत्ताको केन्द्रमा पुर्‍याउने। तर पछिल्ला निर्वाचनहरू हेर्दा समानुपातिक सूची दलका नेता व्यवस्थापन गर्ने सुरक्षित अवतरणस्थलमा सीमित हुँदै गएको देखिन्छ।

समानुपातिक प्रणालीलाई राजनीतिक दलहरूले आदर्शका रूपमा होइन, सम्झौताका साधनका रूपमा प्रयोग गरेको आरोप बढ्दो छ। नयाँ भनिएका दलदेखि दशकौँदेखि सत्ता घुमाइरहेका पुराना दलसम्म सबैको सूचीमा पार्टी नेतृत्व नजिकका व्यक्ति, चुनाव हार्ने 'हेभिवेट', आफन्त र आर्थिक रूपमा शक्तिशाली व्यक्तिहरू प्राथमिकतामा परेका छन्। प्रायः जनताले प्रत्यक्षतर्फ अस्वीकार गरेका अनुहारहरू समानुपातिक सूचीमार्फत संसद् छिर्नु लोकतन्त्रको मर्ममाथि नै प्रश्न उठाउने विषय बनेको छ।

समानुपातिकको बन्द सूचीमा रहेकाहरूको विवरण हेर्दा दलहरू सुध्रिने छाँट देखिएको छैन। पुराना दलबाट आजित भएर जनताले आशा गरेका नयाँ राजनीतिक दलहरूबाट पनि अपेक्षित सुधार देखिन सकेन। रास्वपाको बन्द सूचीले त झन् राजनीतिमा खैलाबैला नै बनाएको छ। कांग्रेस, एमालेलगायतका अन्य दलहरूले समानुपातिक प्रणालीमा गरेको मनोमानीबारे चर्को आलोचना खेपिरहेका बेला यता नेपाली कम्युनिस्ट पार्टीले केही सुधारको संकेत देखाएको भन्दै प्रशंसा भइरहेको छ। नयाँ-पुराना दलहरूले समानुपातिक प्रणालीको चरम दुरुपयोग गरिरहेका छन् भने नेपाली कम्युनिस्ट पार्टीले समानुपातिक कोटामा समावेशीसहित नयाँलाई अघि सारेको पाइएको छ।

समानुपातिक सूची सार्वजनिक भएसँगै नयाँ-पुराना सबै राजनीतिक दल आलोचनाको घेरामा परेका बेला एउटा प्रश्न स्वाभाविक रूपमा उठेको छ- सबै उस्तै हुन् त ? यस प्रश्नको जवाफ खोज्दा प्रवृत्तिगत समस्या सबै दलमा देखिए पनि नेपाली कम्युनिस्ट पार्टी र पार्टी संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले केही पक्षमा अरूभन्दा फरक अभ्यास गरेका छन्। नेपाली कम्युनिस्ट पार्टीले समानुपातिकमा सबै नयाँ अनुहार पठाएको छ। नयाँ भन्दैमा सबै ठीकठाक छन् भन्ने होइन, तर उसले एमाले, कांग्रेस र रास्वपाले गरेको आफन्तवाद र पटक-पटक अवसर पाएका तथा नेताका घरपरिवारलाई समानुपातिक सूचीबाट मुक्त गरेको छ। अन्य दलमा प्रत्यक्षमा हार्ने ठूला नेताहरू समानुपातिकबाट संसद् छिर्ने प्रवृत्ति खुला देखिँदा नेपाली कम्युनिस्ट पार्टीमा भने सबै शीर्ष नेताहरूलाई सूचीबाटै सुरक्षित गर्ने प्रयास कम देखियो।

यसले पार्टीभित्र कम्तीमा सन्देशको तहमा भए पनि 'समानुपातिक पद केवल नेतृत्व जोगाउने साधन होइन' भन्ने संकेत दिएको छ। यसको अर्थ नेपाली कम्युनिस्ट पार्टी वा प्रचण्डको अभ्यास पूर्ण रूपमा आदर्श छ भन्ने होइन। पार्टीभित्र पनि सूची छनोटलाई लिएर असन्तुष्टि छन्, प्रश्न उठेका छन्। तर राजनीतिमा सबैलाई एउटै डन्डाले हान्नु पनि यथार्थपरक हुँदैन। तुलनात्मक रूपमा अन्य पार्टीभन्दा नेपाली कम्युनिस्ट पार्टीमा परिवर्तन देखिएको छ।

कांग्रेसले आयोगमा पेस गरेको समानुपातिक सूचीको यतिबेला चारैतिर चर्को विरोध भइरहेको छ। कांग्रेस महामन्त्री गगनकुमार थापाका ससुरा अर्जुननरसिंह केसी, राष्ट्रपति रामचन्द्र पौडेलकी छोरी संज्ञा पोखरेल पौडेल, पूर्वराष्ट्रपति डा. रामवरण यादवका छोरा डा. चन्द्रमोहन यादव, बलबहादुर केसीकी श्रीमती रिना उप्रेती र बहिनी गोमा केसी समेत समानुपातिक सूचीमा परेको भन्दै अहिले कांग्रेसभित्र पनि विवाद भइरहेको छ। यता एमालेले झन् समानुपातिकको बन्द सूची नै सार्वजनिक गरेको छैन। सार्वजनिक सूचीमध्ये रामबहादुर थापा, गुरु बराल र पद्मा अर्यालको नाम समानुपातिक सूचीमा रहेको बताइन्छ। यी सबै पात्र एमालेबाट अवसर पाएका हुन्।

त्यस्तै, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले निर्वाचन आयोगमा बुझाएको समानुपातिक उम्मेदवारको बन्द सूचीले पार्टीभित्र मात्र होइन, सार्वजनिक रूपमा पनि तीव्र विवाद र असन्तुष्टि जन्माएको छ। 'विधि, पारदर्शिता र नयाँ राजनीति' को नारा बोकेको रास्वपा आफैंले सुरु गरेको प्राइमरी इलेक्सनको नतिजा मिचेर सूची तयार गरेको आरोपमा आफ्नै नेताहरू, अभियन्ता र समर्थकको घेराबन्दीमा परेको छ। सूचीमा सेलिब्रेटी, व्यापारी, इन्फ्लुएन्सर र चिनजानका व्यक्तिहरूलाई प्राथमिकता दिएको आरोप बाहिर पनि तीव्र रूपमा उठेको छ। सभापति रवि लामिछानेले समानुपातिक सूचीमा त्रुटि देखिएकाले त्यसलाई सच्याइने सार्वजनिक रूपमै भनेका छन्।

> *नयाँ भनिएका दलदेखि दशकौँदेखि सत्ता घुमाइरहेका पुराना दलसम्म सबैको सूचीमा पार्टी नेतृत्व नजिकका व्यक्ति, चुनाव हार्ने 'हेभिवेट', आफन्त र आर्थिक रूपमा शक्तिशाली व्यक्तिहरू प्राथमिकतामा परेका छन्।*

नयाँ-पुराना दलहरूले यसरी समानुपातिक कोटाको दुरुपयोग गरिरहेका बेला नेपाली कम्युनिस्ट पार्टीले मात्रै फरक सन्देश दिएको देखिन्छ। उसले समानुपातिक व्यवस्थाको मर्मलाई निकै हदसम्म न्याय गरेको छ। हुन पनि प्रचण्डको यो कदमका कारण अहिले विगतभन्दा उनीमाथि हेर्ने नजर फरक परेको छ। प्रचण्डको राजनीतिमा एउटा विशेषता छ- जोखिम लिन तयार हुने। चाहे शान्ति प्रक्रियामा होस्, संविधान निर्माणमा होस् वा सत्ता समीकरणमा, उनले सधैं सुरक्षित बाटो मात्र रोजेनन्। समानुपातिक सूचीमा पनि सबै आलोचना थाम्दै केही असहज निर्णय लिनु त्यही राजनीतिक शैलीको निरन्तरता हो। आलोचनाको भिडमा फरक देखिनु नै राजनीतिक सन्देश हो। आजको राजनीतिमा जनताले 'पूर्णता' खोजिरहेका छैनन्, सुधारको संकेत खोजिरहेका छन्। समानुपातिक सूचीको अभ्यासमा प्रचण्डले अरूभन्दा केही फरक संकेत दिएका छन् भने, त्यो लोकतन्त्रका लागि नकारात्मक होइन।




## इतिहासमा आज

७ जनवरी २०१२ मा न्युजिल्यान्डको कार्टरटननजिकै तातो हावाको बेलुन दुर्घटनाग्रस्त हुँदा जसमा सवार सबै ११ जनाको मृत्यु भएको थियो।




७ जनवरी २०१५ मा पेरिसमा रहेको चार्ली हेब्डोको कार्यालयमा दुई बन्दुकधारीले सामूहिक रूपमा १२ जनालाई हत्या गरेका थिए। उनीहरूको आक्रमणमा परी ११ जना घाइते भएका थिए।



७ जनवरी २०१५ मा यमनको राजधानी सानामा रहेको एक प्रहरी कलेजबाहिर कार बम विस्फोट हुँदा कम्तीमा ३८ जनाको मृत्यु भएको थियो भने ६३ जनाभन्दा बढी घाइते भएका थिए।



७ जनवरी २०२५ मा ग्रेटर लस एन्जलस क्षेत्रमा शृंखलाबद्ध डढेलो लागेको थियो, जसको परिणामस्वरूप कम्तीमा १६ जनाको मृत्यु भएको थियो भने १३ हजार ४ सय १ संरचनाहरू ध्वस्त भएका थिए।



## विचार

# भेनेजुएला घटनाबाट के पाठ सिक्ने ?



● राम पौडेल 'लवहरी'

> *एकातिर हामीले बाह्य सम्बन्धलाई ध्यान दिन आवश्यक छ भने अर्कोतिर आन्तरिक राजनीतिलाई पनि अस्थिरता हुनबाट जोगाउनुपर्छ। यदि हामी आफैंभित्र समस्या सिर्जना गर्न थाल्यौं र बाह्य सम्बन्धमा खेलबाड गर्न थाल्यौं भने भेनेजुएला वा युक्रेनको उदाहरण बन्न बेर लाग्दैन।*

संयुक्त राज्य अमेरिकाले भेनेजुएलामाथि गरेको सैन्य आक्रमण र हस्तक्षेपले नेपालजस्ता साना मुलुकलाई एक गम्भीर पाठ सिकाएको छ। विश्व राजनीति सधैँ सिद्धान्त र विचारभन्दा शक्ति केन्द्र र राजनीतिक दुरदृष्टिका आधारमा चल्दछ भन्ने कुरा बुझ्न जरुरी छ। अन्तर्राष्ट्रिय कानुन, मानवअधिकार र लोकतन्त्रका कुरा ठूला राष्ट्रका अगाडि निरीह र ओझेलमा पर्ने गर्दछन् र प्रायः आफ्ना स्वार्थअनुसार प्रयोग हुने गर्छन् भन्ने कुरा अमेरिकाले गरेको हस्तक्षेपले स्पष्ट गरेको छ। भेनेजुएलामाथि अमेरिकी आक्रमण हुनु त्यहाँभित्रको राजनीतिक मुख्य होइन, बरु मुख्य कारण त्यहाँको प्राकृतिक स्रोत र साधन हो। विशेषगरी भेनेजुएलाको विशाल तेल भण्डारण हो।

ठूला शक्ति राष्ट्रहरूसँग नेपाल र नेपालका राजनीतिक दलहरूले सिक्नुपर्ने कुरा भनेको राष्ट्रिय स्वाधीनता र सार्वभौमिकता केवल भाषण र चुनावी खोस्टोमा मात्रै नभई व्यवहारमा पनि लागू गरिनुपर्छ। देशभित्र राजनीतिक अस्थिरता, सत्ता र कुर्सीको लागि निरन्तर आपसी झगडा र संस्थागत कमजोरीले गर्दा बाह्य शक्ति राष्ट्रहरूलाई सानो र कमजोर राष्ट्रहरूमा राजनीतिक हस्तक्षेप गर्न सजिलो बनाउँछ। यसैले भेनेजुएलामा जसरी हस्तक्षेप भयो, यसको कारण केलाउँदै आफू जोगिने उपाय खोज्नुपर्छ। भेनेजुएलामाथि अमेरिकाले आक्रमण गर्नुमा केही त्यहाँभित्रका कारण पनि छन् भन्नेलाई हेक्का राख्नुपर्छ। विशेषगरी नजिकै रहेको अमेरिकालाई वेवास्था गर्दै रुस र चीनसँग एकपक्षीय शैलीमा सम्बन्ध गाँस्नु पनि भेनेजुएलाका लागि समस्या बनेको देखिएको छ।

यहाँ महत्वपूर्ण कुरा के हो भने, हामी जस्तो आर्थिक र भौगोलिक दृष्टिले सानो र भूपरिवेष्ठित राष्ट्रले छिमेकी देश र तेस्रो मुलुकसँग राजनीतिक, कूटनीतिक र व्यापारिक सम्बन्धमा सन्तुलन कायम गर्न नसके भने ठूला शक्ति राष्ट्रहरूको निशानामा पर्ने खतरा सधैं रहन्छ। तिनीहरूको सैन्य शक्ति र राजनीतिक प्रभावले हामी माथि खेल खेल्न सहयोग पुर्‍याउँछ। त्यसकारण, नेपालले कुनै एक राष्ट्रको पक्षमा मात्र वकालत नगरी सबै राष्ट्रसँग राजनीतिक र कूटनीतिक सन्तुलन राख्न सक्दा, कुनै पनि शक्तिको राजनीतिक निशानामा पर्ने सम्भावना कम हुन्छ।

प्राकृतिक स्रोतले सम्पन्न भए पनि भेनेजुएला आर्थिक प्रतिबन्धका कारण संकटमा परिरहेको थियो। यसले देखाउँछ कि कमजोर अर्थतन्त्र भएका देशहरू राजनीतिक दृष्टिले पनि कमजोर र अस्थिर बन्ने गर्छन्। त्यसकारण, नेपाल जस्ता देशले आफ्नो अर्थतन्त्रलाई कसरी उकास्ने र कसरी मुलुकलाई जोगाउँदै अघि बढ्ने भन्ने कुरामा ध्यान दिनुपर्छ।

अमेरिकाले भेनेजुएलामा गरेको सैन्य हस्तक्षेप नेपालका लागि पनि एउटा ठूलो पाठ हो। एकातिर हामीले बाह्य सम्बन्धलाई ध्यान दिन आवश्यक छ भने अर्कोतिर आन्तरिक राजनीतिलाई पनि अस्थिरता हुनबाट जोगाउनुपर्छ। यदि हामी आफैंभित्र समस्या सिर्जना गर्न थाल्यौं र बाह्य सम्बन्धमा खेलबाड गर्न थाल्यौं भने भेनेजुएला वा युक्रेनको उदाहरण बन्न बेर लाग्दैन। त्यसकारण, मुलुक निर्माण र बचाउ गर्नका लागि दीर्घकालीन सोच र राजनीतिक स्थिरता आवश्यक छ। यहाँका पुराना दल र नयाँ उदाएका वैकल्पिक शक्तिहरू बीच आपसी मेलमिलाप र सहकार्यको माध्यमबाट मात्र मुलुक निर्माण सम्भव हुनेछ र 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकांक्षा पूरा हुनेछ। यसरी, विदेशी शक्ति राष्ट्रहरूको हस्तक्षेपिय भूमिका कमजोर हुने छ।


## सामाजिक सञ्जाल




**डम्बर खतिवडा**

संयुक्त राष्ट्रसंघ अर्थहीन भयो। केही गर्न नसक्ने संस्था पालेर किन राख्ने ? बहुपक्षीयता र बहुध्रुवीयताका सिद्धान्त र व्यवहार साना र कमजोर राष्ट्रका लागि घातक सिद्ध हुँदै छन्। अब विश्व संसद् (वर्ल्ड पार्लियामेन्ट)को अवधारणा आवश्यक छ। राज्यका सीमा मान्छेको सुख र प्रगतिका बाधक बने।

नेपाल किन भूराजनीतिक सन्तुलन कायम गर्न चुक्यो र चुकिरहेको छ ? किनभने नेपाली नेताले सधैं विदेशीका लागि नेपाली मिलाए, नेपालीका लागि विदेशी मिलाएनन्। आखिर विदेशीले छोडेपछि, जनतालाई नै शक्तिको स्रोत मान्न बाध्य हुनपर्ने रहेछ। विदेशीलाई आफ्नो राजनीतिक शक्तिको स्रोत मानेपछि उसले छाडेको दिन जनताले नि साथ छोड्ने नै रहेछन्।



**डा. मुकुल ढकाल**



**मुमाराम खनाल**

अधिनायकवादी शासकको चरित्र नै हो- आफ्नो मुलुकमा चलेका आन्दोलनहरूको क्रूरतापूर्वक दमन गर्नु। तर त्यसैको बहानामा एउटा सार्वभौम देशको राष्ट्रपतिलाई अपहरण गरेर आफ्नो देशमा लैजानु लोकतन्त्रको नाममा घोर अधिनायकवादी कदम हो। यस कुकर्मको लागि डोनाल्ड ट्रम्पको जति निन्दा गरे पनि कम हुन्छ।

आफ्नै मुढेबलले बहुमतको आधारमा विधान पद्धतिलाई मिचेर जान खोज्नु लोकतान्त्रिक संस्कार आचरण चरित्र व्यवहार निष्ठा विपरीत हुन्छ। तार्किक विश्लेषण बहस गरेर मात्र सांगठनिक संस्थागत निर्णय गर्नुपर्छ। आफैंले जानिबुझीकन फरक धार निर्माण गर्न गराउन प्रोत्साहित गरेजस्तो नहोओस्।



**प्रेमकान्त अधिकारी**

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५३६७६२५/५३५८८६०, फ्याक्स: +९७७-१-५११११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-५३६७६२५/५३५८८६० (एक्सटेन्सन: २०८/२२५/२२६)

## धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नतिर्नु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा,विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा व्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिर्नु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आब्हान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पत्ति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

### तपसिल

| क्र.सं. | ऋणीको विवरण |
|---|---|
| १ | **ऋणी: संजय कुमार चौहान**<br>स्थायी ठेगाना: पर्सा जिल्ला, श्रीसिया नौतज गा.वि.स. वडा नं. १, हालको ठेगाना: पर्सा जिल्ला, पोखरिया न.पा. वडा नं. ६<br>बाबु: चोकट महतो, बाजे: सिताराम महतो<br>**धितोको विवरण**<br>सिताराम महतो चाईको नाति, चोकर महतो चाईको छोरा, पर्सा जिल्ला, श्रीसिया गा.वि.स. वडा नं. १ बस्ने संजय कुमार चौहानको नाममा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, श्रीसिया नौतज गा.वि.स. वडा नं. १ (हाल पोखरीया न.पा. वडा नं. ६) स्थित कित्ता नं. ३०७ र ३०८ को क्षेत्रफल ०-१-१५ र ०-१-१५ (बिगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । |
| २ | **ऋणी: सार्की राई**<br>ठेगाना: धादिङ जिल्ला, थाक्रे गा.पा. वडा नं. २, बाबु: हुध्द बहादुर राई, बाजे: खड्ग बहादुर राई<br>**धितोको विवरण**<br>खड्ग बहादुरको नाती, हुद्ध बहादुरको छोरा, धादिङ जिल्ला, थाक्रे गा.पा. वडा नं. ४ बस्ने सार्की राईको नाममा मालपोत कार्यालय धादिङको लगतमा दर्ता कायम रहेको धादिङ जिल्ला, भुमेस्थान गा.वि.स. वडा नं. ४/ग (हाल थाक्रे गा.पा. वडा नं. २) स्थित कित्ता नं. ९६७ र ९६४ को क्षेत्रफल ०-०-१-० र ०-३-३-० (रोपनी) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । |
| ३ | **१) ऋणी: उमेश कुमार मुक्तान**<br>स्थायी ठेगाना: मकवानपुर जिल्ला, मनहरी गा.वि.स. वडा नं. ४, हालको ठेगाना: मकवानपुर जिल्ला, मनहरी गा.पा. वडा नं. ८, बाबु: वीर बहादुर मुक्तान, बाजे: मोहन लाल मुक्तान<br>**धितोको विवरण**<br>राम बहादुर लामाकी नातिनी, कुल बहादुर लामाकी छोरी मकवानपुर जिल्ला, मनहरी गा.वि.स. वडा नं. ४ बस्ने शान्ती लामाको नाममा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, ज्यामिरे गा.वि.स. वडा नं. ४ (हाल मनहरी गा.पा. वडा नं. ८) स्थित कित्ता नं. १७९३ को क्षेत्रफल ०-०-१०-० (बिगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगललिगापात समेत ।<br>**२) ऋणी: शान्ती लामा**<br>स्थायी ठेगाना: मकवानपुर जिल्ला, मनहरी गा.वि.स. वडा नं. ४, हालको ठेगाना: मकवानपुर जिल्ला, मनहरी गा.पा. वडा नं. ८, बाबु: कुल बहादुर लामा, ससुरा: वीर बहादुर मुक्तान, पति: उमेश कुमार मुक्तान<br>**धितोको विवरण**<br>राम बहादुर लामाकी नातिनी, कुल बहादुर लामाकी छोरी, मकवानपुर जिल्ला, मनहरी गा.वि.स. वडा नं. ४ बस्ने शान्ती लामाको नाममा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, ज्यामिरे गा.वि.स. वडा नं. ४ (हाल मनहरी गा.पा. वडा नं. ८) स्थित कित्ता नं. १८९१ र १८८९ को क्षेत्रफल क्रमश: ०-१-९-० र ०-१-४.२५-० (बिगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगललिगापात समेत । |
| ४ | **ऋणी: धिरज कुमार साह**<br>स्थायी ठेगाना: रौतहट जिल्ला, टेग्राहा गा.वि.स. वडा नं. ८, हालको ठेगाना: रौतहट जिल्ला, फतुवा बिजयपुर न.पा. वडा नं. ३<br>बाबु: दिनदेयाल साह सोनार, बाजे: भुटा साह सोनार<br>**धितोको विवरण**<br>भैयाराम साह सोनारको नाति, भुटा साह सोनारको छोरा, रौतहट जिल्ला, फतुवा बिजयपुर न.पा. वडा नं. ३ बस्ने दिनदेयाल साह सोनार ... १ तथा गिरजा साह सोनारकी छोरी, भुटा साह सोनारकी बुहारी, दिनदेयाल साह सोनारकी पत्नि, रौतहट जिल्ला, फतुवा बिजयपुर न.पा. वडा नं. ३ बस्ने माहावती देवी ...१ समेत गरी २ व्यक्तिको संयुक्त नाममा मालपोत कार्यालय मौलापुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, टेग्राहा गा.वि.स. वडा नं. ८ ख (हाल फतुवा बिजयपुर न.पा. वडा नं. ३) स्थित कित्ता नं. ४७१, ४७३ र ४७५ को क्षेत्रफल क्रमश: ०–०–११, ०–०–१४ र ०–१–१३ (विगाहा) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । |
| ५ | **ऋणी: मिन कुमार दर्नाल**<br>स्थायी ठेगाना: मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ४, हालको ठेगाना: मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ९<br>बाबु: इन्द्र बहादुर परियार, बाजे: टिका राम परियार<br>**धितोको विवरण**<br>गम्वीर बहादुर दमैकी छोरी, इन्द्र बहादुर परियारकी बुहारी, मिन कुमार दर्नालकी पत्नि, मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ९ बस्ने सुनिता दर्नालको नाममा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ९ (हाल हेटौंडा उ.म.न.पा. वडा नं. ९) स्थित कित्ता नं. ११४६४ र ७३२० को क्षेत्रफल क्रमश: ०-०-६-० र ०-०-९ $^{3/4}$ (विगाहा)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । |
| ६ | **१) ऋणी फर्म: कृषि पशु पंक्षी दाना भण्डार एण्ड सप्लायर्स,** प्रोप्राईटर तथा जमानीकर्ता: गोपाल सुर्खाली<br>दर्ता नं.: घरेलु तथा साना उद्योग विकास समिति मुख्य शाखा कार्यालय, दमौली, तनहुँमा प्रा.फ.र.नं. ५००२/०७५/७६, दर्ता मिति: २०७५/०५/०६, ठेगाना: जिल्ला तनहुँ, ब्यास न.पा. वडा नं. २<br>**२) ऋणी: गोपाल सुर्खाली**<br>स्थायी ठेगाना: तनहुँ जिल्ला, दमौली गा.वि.स. वडा नं. ३, हालको ठेगाना: तनहुँ जिल्ला, ब्यास न.पा. वडा नं. ११, बाबु: रेख बहादुर सुर्खाली, बाजे: जगवीर सुर्खाली<br>**धितोको विवरण**<br>१) जगवीरको नाती, रेख बहादुरको छोरा, तनहुँ जिल्ला, ब्यास न.पा. वडा नं. ३ बस्ने गोबर्धन सुर्खालीको नाममा मालपोत कार्यालय तनहुँको लगतमा दर्ता कायम रहेको तनहुँ जिल्ला, फराकचौर गा.वि.स.वडा नं. ९/ज स्थित कित्ता नं. ४७० र ४७२ को क्षेत्रफल क्रमश: ०-४-३-० र ०-१३-०-२ (रोपनी) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>२) जंगवीरको नाती, रेख बहादुरको छोरा, तनहुँ जिल्ला, ब्यास न.पा. वडा नं. ७ बस्ने गोपाल सुर्खालीको नाममा मालपोत कार्यालय तनहुँको लगतमा दर्ता कायम रहेको तनहुँ जिल्ला, फराकचौर गा. वि.स. वडा नं. ९/ज स्थित कित्ता नं. ४६९ को क्षेत्रफल १-१-३-२ (रोपनी) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>३) कृषि पशु पंक्षी दाना भण्डार एण्ड सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । |
| ७ | **ऋणी: मन बहादुर वाइवा**<br>स्थायी ठेगाना: चितवन जिल्ला, पिठुवा गा.वि.स. वडा नं. ८, हालको ठेगाना: चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. १५, बाबु: लाल बहादुर वाइवा, बाजे: विर बहादुर वाइवा<br>**धितोको विवरण**<br>विर बहादुरको नाति, लाल बहादुर वाइवाको छोरा, चितवन जिल्ला, पिठुवा गा.वि.स. वडा नं. ८ बस्ने मन बहादुर वाइवाको नाममा मालपोत कार्यालय, चितवनको लगतमा दर्ता कायम रहेको चितवन जिल्ला, पिठुवा गा.वि.स. वडा नं. ८ (हाल रत्ननगर न.पा. वडा नं. १५) स्थित कित्ता नं. १४२० को क्षेत्रफल ०-२-९ (विगाह)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । |
| ८ | **ऋणी: मन्दिप घिमिरे**<br>स्थायी ठेगाना: सर्लाही जिल्ला, ईश्वरपुर गा.वि.स. वडा नं. १, हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १४, बाबु: दिनेश राज घिमिरे, बाजे: पुरुषोत्तम प्रसाद शर्मा<br>**धितोको विवरण**<br>नरकान्त शर्माको नाती, पुरुषोत्तम प्रसाद शर्माको छोरा, सर्लाही जिल्ला, ईश्वरपुर न.पा. वडा नं. २ बस्ने दिनेश राज घिमिरेको नाममा भूमिसुधार तथा मालपोत कार्यालय मलंगवा, सर्लाहीको लगतमा दर्ता कायम रहेको सर्लाही जिल्ला, ईश्वरपुर गा.वि.स. वडा नं. १/ङ (हाल ईश्वरपुर न.पा. वडा नं. ५) स्थित कित्ता नं. ११६२ को क्षेत्रफल ४५७.१४ (व.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । |
| ९ | **ऋणी: भुपाल सिं गुरुङ्ग**<br>स्थायी ठेगाना: चितवन जिल्ला, शिवनगर गा.वि.स. वडा नं. ३, हालको ठेगाना: चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १५, बाबु: नरबहादुर गुरुङ, बाजे: सइती गुरुङ<br>**धितोको विवरण**<br>सइती गुरुङको नाती, नर बहादुर गुरुङको छोरा, चितवन जिल्ला, शिवनगर गा.वि.स. वडा नं. ३ बस्ने भुपाल सिं गुरुङ्गको नाममा मालपोत कार्यालय चनौली, चितवनको लगतमा दर्ता कायम रहेको, चितवन जिल्ला, शारदानगर गा.वि.स. वडा नं. ३ख (हाल भरतपुर म.न.पा. वडा नं. १५) स्थित कित्ता नं. ६०५ को क्षेत्रफल ०-०-१७-० (विगाहा)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । |
| १० | **ऋणी: विर बहादुर भुजेल**<br>स्थायी ठेगाना: झापा जिल्ला, गौरादह गा.बि.स. वडा नं. ९, हालको ठेगाना: झापा जिल्ला, गौरादह न.पा. वडा नं. २, बाबु: राम बहादुर भुजेल, बाजे: विर बहादुर भुजेल<br>**धितोको विवरण**<br>विर बहादुर भुजेलको नाति, राम बहादुर भुजेलको छोरा, झापा जिल्ला, गौरादह गा.बि.स. वडा नं. २ बस्ने विर बहादुर भुजेलको नाममा मालपोत कार्यालय दमक, झापाको लगतमा दर्ता कायम रहेको झापा जिल्ला, गौरादह गा.बि.स. वडा नं. ८ (हाल गौरादह न.पा. वडा नं. २) स्थित कित्ता नं. ५४ को क्षेत्रफल ३३८.६३ (ब.मि) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । |
| ११ | **ऋणी: विष्णु कुमारी चौधरी**<br>स्थायी ठेगाना: नवलपरासी जिल्ला, नारायणी गा.वि.स. वडा नं. ६, हालको ठेगाना: नवलपरासी जिल्ला, मध्यविन्दु न.पा. वडा नं. ४, बाबु:टिकाराम महतो, ससुरा: जीत बहादुर चौधरी, पति: मेधनाथ चौधरी<br>**धितोको विवरण**<br>विकाराम महतोकी छोरी, जीत बहादुरकी बुहारी, मेधनाथ चौधरीकी पत्नि, नवलपरासी जिल्ला, नारायणी गा.वि.स. वडा नं. ६ बस्ने विष्णु कुमारी चोधरीको नाममा मालपोत कार्यालय कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, कोल्हुवा गा.वि.स. वडा नं. ९क स्थित कित्ता नं. १०३० को क्षेत्रफल ०-०-९-० (विगाहा) को घरजग्गा र सो घर जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । |

# कोशीमा १८औंपटक मन्त्रीमण्डल पुनर्गठन

**प्रवेश विष्ट/मध्यान्ह**
विराटनगर, २२ पुस



कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कुमार कार्कीले नयाँ मन्त्रीमण्डल पुनर्गठन गरेका छन् । कोशी प्रदेशमा मन्त्री मण्डल गठन भएको यो १८औं पटक हो । तीन महिनादेखि मन्त्रीहरू फेर्ने कसरतमा लागेका मुख्यमन्त्री कार्कीले नेपाली कांग्रेस र नेकपा एमालेभित्रका सांसदबीच व्यापक छलफल चलाएका थिए ।

मुख्यमन्त्री कार्कीले मंगलबार नेकपा एमालेबाट ५ जना र नेपाली कांग्रेसबाट ५ जना गरी १० जना नयाँ अनुहारसहितको मन्त्रीमण्डल गठन गरेका छन् ।

कांग्रेसबाट प्रदीप सुनुवार भौतिक पूर्वाधार, मानबहादुर लिम्बू स्वास्थ्य, इस्राइल मन्सुरी कृषि तथा सहकारी, भीम पराजुली पर्यटन, वन तथा वातावरण र शोभा चेम्जोङ भौतिक पूर्वाधार राज्यमन्त्रीमा नियुक्त भएका छन् ।

त्यस्तै नेकपा एमालेबाट विदुर कुमार लिङ्थेप आर्थिक मामिला तथा योजना, चिन्तन पाठक खानेपानी, सिँचाइ तथा ऊर्जा, इन्द्रमणि पराजुली आन्तरिक मामिला तथा कानुन, रामप्रसाद मेहता सामाजिक विकास र उमाकान्त गौतम आन्तरिक मामिला तथा कानुन राज्यमन्त्रीमा नियुक्त भएका छन् । नवनियुक्त मन्त्रीहरूले पद तथा गोपनीयताको शपथ समेत ग्रहण गरेका छन् ।

मंगलबार प्रदेश प्रमुख परशुराम खापुङले प्रदेश प्रमुखको कार्यालयमा नवनियुक्त १० जना मन्त्रीहरू (दुई राज्यमन्त्रीसहित) लाई पद तथा गोपनीयताको शपथ गराएका हुन् । यसअघिको मन्त्रिपरिषद्मा नेकपा एमालेबाट रामबहादुर रानामगर आर्थिक मामिला तथा योजना मन्त्री, पाँचकर्ण राई सामाजिक विकास मन्त्री, रेवतीरमण भण्डारी आन्तरिक मामिला तथा कानुन मन्त्री तथा एकराज कार्की खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्री र सिर्जना राई मुख्यमन्त्री कार्यालयमा राज्यमन्त्रीको जिम्मेवारीमा थिए । नेपाली कांग्रेसबाट भूपेन्द्र राई भौतिक पूर्वाधार विकास तथा स्वास्थ्य मन्त्री, खगेनसिंह हाङ्गाम उद्योग, कृषि तथा सहकारी मन्त्री, सदानन्द मण्डल पर्यटन, वन तथा वातावरण मन्त्री तथा भूमि राजवंशी राज्यमन्त्रीको भूमिकामा थिए । उनीहरूलाई एकैपटक हटाएर मुख्यमन्त्री कार्कीले नयाँ अनुहारलाई मन्त्रिपरिषद्मा समावेश गरेका हुन् ।

## कपिलवस्तुमा सर्वपक्षीय बैठक

# धार्मिक तथा साम्प्रदायिक तनाव रोक्न १० बुँदे प्रतिबद्धता

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, २२ पुस



जिल्ला प्रशासन कार्यालय कपिलवस्तुले जिल्लामा सामाजिक सद्भाव, धार्मिक सहिष्णुता र शान्ति सुरक्षा कायम राख्ने उद्देश्यले सर्वदलीय/सर्वपक्षीय समन्वय तथा सुझाव बैठक सम्पन्न गरेको छ । बैठकले हाल विकसित हुँदै गएका धार्मिक तथा साम्प्रदायिक संवेदनशील गतिविधिप्रति गम्भीर चासो व्यक्त गर्दै १०बुँदे निर्णय तथा प्रतिबद्धता सार्वजनिक गरेको छ ।

बैठकले समाजमा द्वन्द्व सिर्जना गर्ने, घृणा फैलाउने, अफवाह तथा उत्तेजनात्मक सामग्री प्रचार-प्रसारण गर्ने गतिविधिमा कडाइ गर्ने निर्णय गरेको छ । सामाजिक सञ्जाल तथा अनलाइन माध्यममार्फत जातीय, धार्मिक र साम्प्रदायिक सद्भाव बिगार्ने कार्य गरे कानुनअनुसार कारबाही गरिने प्रशासनले जनाएको छ ।

निर्णयअनुसार धार्मिक, सांस्कृतिक वा राजनीतिक कार्यक्रम सञ्चालन गर्नु अघि स्थानीय प्रशासनलाई अनिवार्य जानकारी गराउनुपर्नेछ । साथै संवेदनशील स्थानहरूमा सुरक्षा व्यवस्था मजबुत बनाइने र शान्ति भंग गर्न खोज्ने व्यक्ति वा समूहविरुद्ध तत्काल कारबाही गरिने उल्लेख छ ।

मानव अधिकार, शान्ति र सामाजिक एकताको पक्षमा क्रियाशील संघ-संस्था, स्थानीय तह, नागरिक समाज, महिला तथा युवा समूहसँग सहकार्य गर्दै समुदायस्तरमा संवाद र चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने निर्णय पनि बैठकले गरेको छ ।

जिल्ला प्रशासनले सबै राजनीतिक दल, संघ-संस्था, सञ्चार माध्यम र आमनागरिकलाई संयमित, जिम्मेवार र सकारात्मक भूमिका निर्वाह गर्न आग्रह गर्दै कपिलवस्तुमा शान्ति, सद्भाव र आपसी विश्वास कायम राख्न सबैको सहकार्य आवश्यक रहेको स्पष्ट पारेको छ ।

| क्र.सं. | ऋणीको विवरण |
|---|---|
| १२ | **ऋणी: चतुर मान क्षेत्री**<br>स्थायी ठेगाना: चितवन जिल्ला, पंचकन्या गा.वि.स. वडा नं.९, हालको ठेगाना: चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं.२, बाबु: हर्क बहादुर, बाजे: पहल मान क्षेत्री<br>**धितोको विवरण**<br>हिम लाल कोइरालाकी छोरी, हर्क बहादुर क्षेत्रीकी बुहारी, चतुर मान क्षेत्रीकी पत्नी चितवन जिल्ला, रत्न नगर न.पा. वडा नं. १३ बस्ने हेमा कुमारी कोइरालाको नाममा मालपोत कार्यालय चितवनको लगतमा दर्ता कायम रहेको चितवन जिल्ला, देवौली गा.वि.स. वडा नं. ८ (हाल रत्ननगर न.पा. वडा नं. २) स्थित कित्ता नं. १२९२ को क्षेत्रफल ११८.५१ (व.मी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । |
| १३ | **१) ऋणी फर्म: निरुता खाजा घर,** प्रोप्राईटर तथा जमानीकर्ता: रुद्र वहादुर मगर<br>दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, बागमती प्रदेश, भरतपुर, चितवनमा लघु उद्यम दर्ता नं. २०/०७७/०७८, दर्ता मिति: २०७७/०४/०६, ठेगाना: जिल्ला चितवन, रत्ननगर न.पा. वडा नं. १५<br>**२) ऋणी: रुद्र वहादुर मगर**<br>स्थायी ठेगाना: चितवन जिल्ला, पिठुवा गा.वि.स. वडा नं. ७, हालको ठेगाना: चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. ७<br>बाबु: भिम बहादुर मगर, बाजे: पर्वे मगर<br>**धितोको विवरण**<br>१) पर्वे मगरको नाती, भिम बहादुर मगरको छोरा, चितवन जिल्ला, पिठुवा गा.वि.स. वडा नं. ७ बस्ने रुद्र वहादुर मगरको नाममा मालपोत कार्यालय चितवनको लगतमा दर्ता कायम रहेको चितवन जिल्ला, पिठुवा गा.वि.स. वडा नं. ७/ख (हाल रत्ननगर न.पा. वडा नं. १५) स्थित कित्ता नं. ७१५ को क्षेत्रफल ०-०-१२ (विगाह को जग्गा र पिठुवा गा.वि.स. वडा नं. ७/क (हाल रत्ननगर न.पा. वडा नं. १५) स्थित कित्ता नं. ८१४ र ८१६ को क्षेत्रफल क्रमश: ०-१-०, ०-१-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>२) निरुता खाजा घरको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण । |
| १४ | **ऋणी फर्म: शिव पार्वती पोल्ट्री फार्म,** प्रोप्राईटर तथा जमानीकर्ता: सुरेन्द्र प्रसाद गोसाई<br>दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, कलैया, बारामा प्रा.फ.नं.घ.उ.वि. ६०५७/५५७/०७३/७४, दर्ता मिति: २०७४/०२/१७, ठेगाना: जिल्ला बारा, करैयामाई गा.पा. वडा नं. ७<br>**धितोको विवरण**<br>१) सहदेव गोसाईकी बुहारी, परदेसी गोसाईकी पत्नी, बारा जिल्ला, उमजन गा.वि.स. वडा नं. ३ बस्ने फुलवा गोसाईको नाममा भूमिसुधार तथा मालपोत कार्यालय, कलैया, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, उमजन गा.वि.स. वडा नं. ३ (हाल करैयामाई गा.पा. वडा नं. ७), स्थित कित्ता नं. ७८७ र ६३० को क्षेत्रफल क्रमश: ०-२-१५-० र ०-१-१३ (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>२) सदई गिरीकी छोरी, परदेसी गोसाईकी बुहारी, सुरेन्द्र प्रसाद गोसाईकी पत्नी, बारा जिल्ला, उमजन गा.वि.स. वडा नं. ३ बस्ने सिमा कुमारी गिरीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय, कलैया, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, उमजन गा.वि.स. वडा नं. ३ (हाल करैयामाई गा.पा. वडा नं. ७), स्थित कित्ता नं. ७८६ र ६७३ को क्षेत्रफल क्रमश: ०-२-१०-० र ०-१-१३ (विगाहा) को जग्गा र बारा जिल्ला बधवन गा.वि.स. वडा नं. २ (हाल कलैया उ.म.न.पा. वडा नं. ४) स्थित कित्ता नं. २०८९ को क्षेत्रफल ०-०-५-११ (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>३) साहदेव गोसाईको नाती, परदेसी गोसाईको छोरा, बारा जिल्ला, उमजन गा.वि.स. वडा नं. ३ बस्ने सुरेन्द्र प्रसाद गोसाईको नाममा भूमिसुधार तथा मालपोत कार्यालय, कलैया, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, उमजन गा.वि.स. वडा नं. ३ (हाल करैयामाई गा.पा. वडा नं. ७), स्थित कित्ता नं. ७०२, ७३६ र ३७७ को क्षेत्रफल क्रमश: ०-०-६-०, ०-४-१० र ०-१-१२-८ (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>४) शिव पार्वती पोल्ट्री फार्मको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । |

नोट: ऋणी तथा प्रोप्राइटर बाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिका नाम ऋणी तथा प्रोप्राईटरको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-( रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पत्ति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पत्तिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट (आइतबार देखी बिहिबार सम्म) दिनको ३:०० बजे (शुक्रबार) दिनको १:०० बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि GoogleMap

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पत्तिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

# ढाकावाङ्गमा सरकारी टोली : विपन्न मनिरामलाई राहत

सूर्यप्रसाद भुसाल/मध्यान्ह
अर्घाखाँची,२२ पुस

अर्घाखाँचीका एक विपन्न परिवारलाई जिल्ला समन्वय समिति अर्घाखाँचीका प्रमुख जीवनारायण कोइरालासहितको सरकारी टोलीले सहयोग गरेको छ ।

विभिन्न सामाजिक सञ्जाल तथा सञ्चारमाध्यममा घरमा बिजुली बत्तीसमेत नभएको, कमाउने सदस्य कोही नरहेको र मागेर गाँस गुजारा गर्दै आएको विषयमा समाचार प्रकाशित भएपछि सरोकारवालाहरुले सहयोग गरेका हुन् ।

जिल्ला समन्वय समिति अर्घाखाँचीका प्रमुख कोइराला, भूमिकास्थान नगरपालिकाका नगरप्रमुख झविलाल थापा, अर्घाखाँचीका प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदी, जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीका प्रमुख डिएसपी दिवस जिसी, जनप्रतिनिधि, कर्मचारी तथा पत्रकारसहितको टोली भूमिकास्थान नगरपालिका वडा नम्बर १ ढाकावाङ्ग, पोखाखर्कस्थित पीडित मनिराम नेपाली (जुठे) को घरमा पुगेर वास्तविक अवस्था बुझेपछि थप सहयोग गर्ने प्रतिबद्धता समेत व्यक्त गरेका छन् ।

टोलीले पीडितको पारिवारिक, आर्थिक, स्वास्थ्य तथा शैक्षिक अवस्थाबारे जानकारी लिँदै तत्कालीन राहतस्वरूप आर्थिक सहयोग, खाद्यान्न, लत्ताकपडा लगायतका सामग्री हस्तान्तरण समेत गरेको र थप सहयोग तथा दीर्घकालीन समाधानका लागि आवश्यक पहल गर्ने प्रतिबद्धता पनि व्यक्त गरिएको प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले बताए ।

जिल्ला समन्वय समिति अर्घाखाँचीका प्रमुख कोइरालाले विपन्न नेपालीको स्वास्थ्य अवस्थाका बारेमा बुझेर सर्वप्रथम स्वास्थ्य उपचारमा ध्यान दिन आग्रह गरेका थिए । उनले आवश्यक उपचार, सामाजिक सुरक्षा तथा अन्य सहयोगका लागि जिल्ला समन्वय समितिबाट सहजीकरण गरिने स्पष्ट पारेको स्थानीय जनप्रतिनिधि गोपाल खनालले बताए ।

भूमिकास्थान नगरपालिकाका नगरप्रमुख थापाले पीडित परिवारका बालबालिकाको भविष्यप्रति चिन्ता व्यक्त गर्दै उनीहरूलाई नियमित विद्यालय जाने वातावरण नगरपालिकाले निर्माण गर्ने बताए । उनले विद्यालय शिक्षाका लागि कुनै शुल्क नलाग्ने र आवश्यक शैक्षिक सामग्री तथा सहयोग नगरपालिकामार्फत उपलब्ध गराइने जानकारी दिए ।

प्रमुख जिल्ला अधिकारी सुवेदीले राज्यका निकायहरू पीडित नागरिकका समस्या सुन्न र समाधान गर्न सधैं तयार रहेको बताउँदै कानुनी, प्रशासनिक तथा सामाजिक सुरक्षाका पक्षमा आवश्यक पहल गरिने उल्लेख गरे । जिल्ला प्रहरी कार्यालयका प्रमुख डिएसपी दिवस जिसीले पनि आवश्यक



सुरक्षात्मक तथा मानवीय सहयोगमा प्रहरी प्रशासन सधैं साथमा रहने प्रतिबद्धता व्यक्त गरेका थिए ।

टोलीले नेपालीका भाइ सुमन्त बहादुर नेपालीको नाममा रहेको खेतीयोग्य जमिन बन्धकीमा रहेको विषयमा पनि चासो व्यक्त गरेको छ । उक्त बन्धकी जमिन फिर्ता गराइ दाइ मनिरामलाई भोगचलन गर्न दिने गरी प्रक्रिया अघि बढाइएको जानकारी गराइएको छ ।


## लुम्बिनी विकास बैंक लिमिटेडको तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्ने तथा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८२/०९/२३ गतेको मध्यान्ह राष्ट्रिय दैनिक

यस लुम्बिनी विकास बैंक लिमिटेडका विभिन्न शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लिखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, तरताकेता गरिएको एवं राष्ट्रिय दैनिक पत्रिकामा बिभिन्न मितिमा सूचना प्रकाशित गर्दा समेत ऋणको साँवा ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई विकास बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले विकास बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी विकास बैंकको नियमानुसार लिलाम प्रकृया द्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु २२ (बाइसौं) दिन (बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउने/खोलिने हुँदा) तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, प्रोप्राईटर, धितो/जमानी दिने तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राईटर/सञ्चालक, धितो/जमानी दिनुहुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि विकास बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त ब्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी विकास बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत अनुरोध गरिएको छ ।

### तपसिल

**क्र.सं. १.**

**ऋणीको विवरण**

**नाम : सुशिल बर्मा**
बाबुको नाम : गोमती प्रसाद कुर्मी, बाजेको नाम : श्रीराम कुर्मी
ठेगाना : नेपालगंज - २२, बाँके, हाल : नेपालगंज - १७, बाँके
ना.प्र.प.नं. : ६६-०१-७२-०२६०६, जि.प्र.का. बाँके, जारी मिति : २०७२/०३/३१

**नाम : राज रानी कुर्मी**
पतिको नाम : गोमती प्रसाद कुर्मी, ससुराको नाम : श्रीराम कुर्मी
ठेगाना : परसपुर - १, बाँके, हाल : नेपालगंज - १७, बाँके
ना.प्र.प.नं. : ६६१०३४/२१३७, जि.प्र.का. बाँके, जारी मिति : २०६८/०३/२४
**शाखा कार्यालय : नेपालगंज**

**ब्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : गोमती प्रसाद कुर्मी**
बाबुको नाम : श्रीराम कुर्मी
बाजेको नाम : राम आसारे कुर्मी
ठेगाना : परसपुर - १, बाँके
हाल : नेपालगंज - १७, बाँके
ना.प्र.प.नं. : १२५
जि.प्र.का. बाँके
जारी मिति : २०४४/१०/०९

**२. नाम : राज रानी कुर्मी**
पतिको नाम : गोमती प्रसाद कुर्मी
ससुराको नाम : श्रीराम कुर्मी
ठेगाना : परसपुर - १, बाँके
हाल : नेपालगंज - १७, बाँके
ना.प्र.प.नं. : ६६१०३४/२१३७
जि.प्र.का. बाँके
जारी मिति : २०६८/०३/२४

**३. नाम : सुशिल बर्मा**
बाबुको नाम : गोमती प्रसाद कुर्मी, बाजेको नाम : श्रीराम कुर्मी
ठेगाना : नेपालगंज - २२, बाँके, हाल : नेपालगंज - १७, बाँके
ना.प्र.प.नं. : ६६-०१-७२-०२६०६, जि.प्र.का. बाँके, जारी मिति : २०७२/०३/३१

**धितोको विवरण**

१. गोमती प्रसाद कुर्मीको नाममा मालपोत कार्यालय नेपालगंज, बाँकेमा दर्ता रहेको परसपुर - २, बाँके स्थित कित्ता नं. ५३४ को क्षेत्रफल ८९७.३५ व.मि. र वडा नं. १ स्थित कित्ता नं. ६६ को क्षेत्रफल १९३ व.मि. को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
२. राज रानी कुर्मी नाममा मालपोत कार्यालय नेपालगंज, बाँकेमा दर्ता रहेको परसपुर - २, बाँके कित्ता नं. ६८३ र ६८५ को क्षेत्रफल क्रमशः २८३.५८ र ५५.०२ व.मि. को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**क्र.सं. २.**

| ऋणीको विवरण | ब्यक्तिगत जमानत दिनेको विवरण |
|---|---|
| **नाम : खड्क बहादुर ताम्राकार**<br>बाबुको नाम : दिलिप सिंह ताम्राकार<br>बाजेको नाम : लाल सिह ताम्राकार<br>ठेगाना : चौमाला - २, कैलाली<br>हाल : गौरीगंगा - २, कैलाली<br>ना.प्र.प.नं. : ६७-०१-६९-००७००<br>जि.प्र.का. कैलाली<br>जारी मिति : .२०६९/०२/२२<br>**शाखा कार्यालय : धनगढी** | **नाम : मिना कुमारी बि.क. (ताम्राकार)**<br>पतिको नाम : खड्क बहादुर ताम्राकार<br>ससुराको नाम : दिलिप सिंह ताम्राकार<br>ठेगाना : चौमाला - २, कैलाली<br>हाल : गौरीगंगा - २, कैलाली<br>ना.प्र.प.नं. : ६७-०१-७१-०४७६४<br>जि.प्र.का. कैलाली<br>जारी मिति : २०७१/०५/१६ |

**धितोको विवरण**

लुम्विनी विकास बैंक धनी भई खड्क बहादुर ताम्राकार ऋणीको नाममा यातायात व्यवस्था कार्यालय धनगढी कैलालीमा दर्ता नं. से. ०२ त. १८१५ रहेको टयाक्टर ।

**क्र.सं. ३.**

| ऋणीको विवरण | ब्यक्तिगत जमानत दिनेको विवरण |
|---|---|
| **नाम : दिपेश तामाङ**<br>बाबुको नाम : कमल तामाङ<br>बाजेको नाम : चतुरे तामाङ<br>ठेगाना : सूर्यगढी - ३, नुवाकोट<br>ना.प्र.प.नं. : २५-०१-७८-००८०३<br>जि.प्र.का. नुवाकोट<br>जारी मिति : २०७८/०४/२२<br>**शाखा कार्यालय : ढिकुरे** | **नाम : रुपा श्रेष्ठ तामाङ**<br>पतिको नाम : दिपेश तामाङ<br>ससुराको नाम : कमल तामाङ<br>ठेगाना : सूर्यगढी - ३, नुवाकोट<br>ना.प्र.प.नं. : २५-०१-७८-००८०६<br>जि.प्र.का. नुवाकोट<br>जारी मिति : २०७८/०४/२२ |

**धितोको विवरण**

दिपेश तामाङको नाममा मालपोत कार्यालय विदुरमा दर्ता रहेको वागेश्वरी - १, नुवाकोट स्थित कित्ता नं. १३८५ को क्षेत्रफल २-०-०-० को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**क्र.सं. ४.**

**ऋणीको विवरण**

**नाम : गणेश चौधरी**
बाबुको नाम : हरीराम चौधरी, बाजेको नाम : आशुराम डगौरा थारु
ठेगाना : गदरीया - ३, कैलाली, हाल : कैलारी - ६, कैलाली
ना.प्र.प.नं. : ६७१०२२/१४४३६, जि.प्र.का. कैलाली, जारी मिति : २०६८/०९/१२
**शाखा कार्यालय : धनगढी**

**ब्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : दिनेश चौधरी**
बाबुको नाम : हरीराम चौधरी
बाजेको नाम : आशुराम डगौरा थारु
ठेगाना : गदरीया - ३, कैलाली
हाल : कैलारी - ६, कैलाली
ना.प्र.प.नं. : ६७-२५-७०-००५४४
जि.प्र.का. कैलाली
जारी मिति : २०७०/०२/१२

**२. नाम : अनु चौधरी**
पतिको नाम : गणेश चौधरी
ससुराको नाम : हरीराम चौधरी
ठेगाना : हसुलीया - ९, कैलाली
हाल : कैलारी - ६, कैलाली
ना.प्र.प.नं. : ६७-०१-६९-०५६९७
जि.प्र.का. कैलाली
जारी मिति : २०६९/०८/१७

**३. नाम : लहानी डगौरा थरुनी**
पतिको नाम : हरीराम चौधरी, ससुराको नाम : आशुराम डगौरा थारु
ठेगाना : गदरीया - ३, कैलाली, हाल : कैलारी - ६, कैलाली
ना.प्र.प.नं. : ११३६ जि.प्र.का. कैलाली, जारी मिति : २०४५/०१/१०

**धितोको विवरण**

लहानी डगौरा थरुनीको नाममा मालपोत कार्यालय धनगढी, कैलालीमा दर्ता रहेको गदरीया - ३, कैलाली स्थित कित्ता नं. ४८५ को क्षेत्रफल ५२७.५० को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**नोट :** बोलपत्र आवेदन फारम यस बैंकको शाखा कार्यालयहरुबाट रु ५००/-(पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ । लिलाम बिक्री सम्बन्धी सम्पूर्ण शर्त तथा बन्देजहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछन ।

**पुनश्च :**

- उल्लिखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा विकास बैंक आफैंले सकार गर्दा साविकमा विकास बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा विकास बैंक आफैंले सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनु हुने छैन ।
- समितिबाट लिलाम बिक्री सदर भएपछि सम्बन्धित विभाग/शाखाले बोलपत्र स्वीकृत भएको बोलपत्रदातालाई बाँकी रकम जम्मा गर्नको लागि बढिमा ३० दिनको समय दिईनेछ ।
- ऋणीले धितो दिएका फरक फरक सम्पत्तिहरु एकै पटक लिलामीमा निकाल्दा केही सम्पत्तिहरु खरिदको लागि मात्र बोलपत्र पेश भएमा विकास बैंकको हितलाई ध्यानमा राखी ती बोलपत्रहरु स्वीकृत गर्न सकिनेछ ।
- बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको १२:०० बजेसम्म बोलपत्र पेश गर्न सकिने छ । साथै बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको ३.०० बजे प्रतिनिधिहरुको उपस्थितिमा बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समय :**
**२०८२ माघ १३ गते मंगलबार कार्यालय समय सम्म ।**
**बोलपत्र खोलिने मिति र समय : २०८२ माघ १४ गते बुधबार ३:०० बजे ।**
**बोलपत्र खोलिने स्थान : लुम्बिनी विकास बैंक लिमिटेडको, सम्बन्धित शाखा कार्यालय**

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

**केन्द्रीय कार्यालय : सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं**
**फोन नं. ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६,**
**फ्याक्स नं. ०१-४५१३५२६**



## शे-फोक्सुण्डो गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

साल्दाङ, डोल्पा
कर्णाली प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मितिः २०८२/०९/२३**

यस कार्यालयबाट मिति २०८२।०८।०९ गते मध्यान्ह दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना बमोजिम तपसिलमा उल्लेखित कार्य विवरणसँग सम्बन्धित निर्माण कार्यका लागि बोलपत्र आह्वान गरिएकोमा निर्धारित समयभित्र दर्ता हुन आएका बोलपत्रहरू मूल्याङ्कन गर्दा निम्न बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित एवं सारभूत रुपमा प्रभावग्राही भइ मूल्याङ्कन समितिबाट स्वीकृतिका लागि सिफारिस भइ आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम ऐ. ऐनको दफा ४७ को प्रयोजनार्थ ७ (सात) दिने बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबै सरोकारवालाको जानकारीको लागि प्रकाशन गरिएको छ ।

तपसिलः

| क्र. सं. | बोलपत्र/ठेक्का /प्याकेज नं. | आयोजनाको विवरण | छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.क.सहित) |
|---|---|---|---|---|
| १ | SPRM/NCB/DOP/ WORKS/2082-083-06 | Suyagu-Dolmung Irrigation Yojana | Pema Caravan Construction and Suppliers Pvt. Ltd. | 5324871.85 |
| २ | SPRM/NCB/DOP/ WORKS/2082-083-07 | Sheri dugdra AA.bi. Chhatrabas nirman wada.No. 3 | D.J Nirman Sewa. | 1737189.25 |

प्रमुख प्रशासकीय अधिकृत



## माइग्रेसन सर्टिफिकेट हराएको सूचना

मिति २०८०/०२/२३ गते महाराजगंजबाट गौशाला सम्म जाँदा मेरो निम्न व्यहोरा भएको +२ तहको राष्ट्रिय परिक्षा बोर्डबाट प्राप्त भएको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले निम्न मोबाइल नं. वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहुन विनम्र अनुरोध गर्दछु ।

**नाम : Janaki Kumari Sah**
**Reg. No. : 783272980068**
**Symbol No. : 27708732**
**सम्पर्क : ९८१३४७७६७२**
**ठेगाना : महाराजगंज, बाँसबारी**



## मलेसियामा रोजगार

कम्पनी: KAWALAN KESELAMATAN SENTRAL SDN BHD — शहर : MALAYSIA
पूर्व स्वीकृत मिति: २०८२/०६/१० — चलानी नं.: ६०२४५३६५ — LT. No.: 331574 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 26 | 0 | स. काममा दक्ष | 1700 | ६०,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस ३० गते (14 January 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० रोजगारदाताले | रु. १,५०० रोजगारदाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामदा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**TILICHO OVERSEASE PVT.LTD.** Gov. Lic No. 1234/074/075
Omnagar Sinamangal -9, Kathmandu, Tel :01 -4111014/9802800273/9861700427/9851097971
Email : tilichooverseas@gmail.com

## युएईमा रोजगार

कम्पनी: TIRHAL EMPLOYMENT L.L.C — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०५/१२ — चलानी नं.: ६०२४३९२३ — LT. No.: 330033 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 100 | 0 | स. काममा दक्ष | 1000 | ३८,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ पुस ३० गते (14 January 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामदा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**PRINCE INTERNATIONAL EMPLOYMENT SERVICE PVT. LTD.** Govt. Lic. No. 435/060/061
Samakhusi- 26, Kathmandu, Nepal. Tel.: +977- 01-43876550, Mobile No: 9851078710, 9808735410, 9843465784, Email: employmentprince@gmail.com, website: www.employmentprince.com.np.

## JORDAN मा रोजगार

कम्पनी: AL SHARKYYAT FOR INTERMEDIATION IN CALLING FOR OR RECRUITING DOMESTIC WORKERS — शहर: JORDAN
पूर्व स्वीकृत मिति: २०८२/०९/२२ — चलानी नं.: ६०२५०२३७ — LT. No.: 336711

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker/housemaid | 0 | 50 | स. काममा दक्ष | 350 | ५०,४५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस ३० गते (14 January 2026) मा हुनेछ ।

नोट : सम्बिन्धित काममा अनुभव भएको हुनु पर्ने छ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
